जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक २३ • २०८१ साल जेठ २९ गते मंगलबार (11 Jun, Tuesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## नेतृत्व सर्वसम्मतको प्रयास

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी(जसपा) नेपालको प्रथम महाधिवेशनले चयन गर्ने नयाँ नेतृत्वका लागि सर्वसम्मतको प्रयास थालिएको छ ।

२ सय १ सदस्यीय केन्द्रीय समितिमा १७ जना पदाधिकारी रहने छन् । हाल जसपा नेपालको कार्यकारिणी समितिमा ८ जना मात्र रहेका छन् ।

अध्यक्षमा उपेन्द्र यादव सर्वसम्मत हुने निश्चित भइसकेको छ । सहअध्यक्षका लागि राजकिशोर यादव, लालबाबु राउत र रकम चेम्जोंग प्रयासरत छन् ।

उपाध्यक्षमा निवर्तमान मुख्यमन्त्री सरोज कुमार यादव, हरिनारायण यादवलगायतका प्रतिस्पर्धी छन् । कलस्टर समेतको ५ जना उपाध्यक्ष रहने छन् ।

महामन्त्रीमा मनिष सुमन, विजय यादव, प्रकाश अधिकारीलगायतले दाबी गरेका छन् । २ जना महामन्त्री रहने छन् । कोषाध्यक्षमा पनि केही प्रत्याशीहरु देखिएका छन् ।

बन्द सत्रपछि नेतृत्व चयनको प्रकृया थालिने छ । पदाधिकारीहरुमा सहमति जुटाउन सहज भए पनि केन्द्रीय सदस्यमा सहमति गर्न चुनौती नै छ । पार्टीको विधान अनुसार बिभिन्न कलस्टरहरुबाट पदाधिकारी र सदस्यरु चयन गरिने छ ।

# जसपा नेपालको प्रथम महाधिवेशन, उद्घाटन सम्पन्न, बन्द सत्र आज

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालको एकताको प्रथम महाधिवेशनको उद्घाटन सत्रमा नेताहरुले विचार मिल्ने दलहरुबीच सहकार्य हुनुपर्नेमा जोड दिएका छन् ।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवको अध्यक्षतामा भएको उद्घाटन सत्रमा पूर्वप्रधानमन्त्री समेत रहेका नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले विचार र मन मिल्ने दलहरु एकैसाथ अगाडि बढनुपर्नेमा जोड दिए ।

'हाम्रो विचार र मन मिलेको छ ' उनले भने, हामीसँगै अगाडि बढौ । संघीय सरकार र प्रदेश सरकारमा साथ रहेको सम्भिmदै अध्यक्ष नेपालले भने, हामी समाजवादी मोर्चामा सँगै रहेको उल्लेख गर्दै उनले आगामी दिनमा साथ मिलेर बढ्न जसपा नेपाललाई आग्रह गरे ।

महाधिवेशन उद्घाटन समारोह हुन हप्ता दिन बाँकी नरहँदा नेकपा एस मधेश प्रदेश सरकारबाट बाहिरिएर प्रदेश सभामा मुख्यमन्त्री सरोज कुमार यादवलाई विश्वासको मत नदिँदा सरकार ढलेको थियो । नेकपा एसले २२ गते साँझ मात्र सरकार छाडेका थिए ।२३ गते विश्वासको मत लिने प्रदेश सभाको कार्यसूची थियो ।

'उपेन्द्रजी पार्टीभित्र र बाहिरका सबै चुनौतीको सामना गर्न भिड्नु भएको छ ' अध्यक्ष नेपालले ढाढस् दिँदै भने, 'जसपाका लागि अहिले परीक्षाको समय हो, यसमा उहाँले खुट्टा कमाउनु भएको छैन । राजनीतिमा स्वार्थी, व्यक्तिवादी, डाहा-रिस गर्ने प्रवृति बढेको उल्लेख गर्दै उनले भने, ' मैले के पाएँ भन्दापनि मैले के दिएँ, त्यो चिन्तनबाट काम गर्नुपर्छ ।'

सबै राष्ट्रिय दलहरुलाई उद्घाटन सत्रमा शुभकामनाका लागि निम्तो गरिए पनि अन्य दलका अध्यक्षहरु आएका थिएनन् ।

नेपाली कांग्रेस उपसभापति धनराज गुरुङले संघीय लोकतान्त्रिक गणतन्त्रलाई कतैबाट कालो धब्बा लगाउने कोशिस भए सह्य नहुने बताए । उनले दलहरु बीच नमिठो प्रतिस्पर्धा भइरहेकाले संघीय लोकतान्त्रिक गणतन्त्रलाई बलियो बनाउन दलहरु बीच स्वच्छ प्रतिस्पर्धा हुनुपर्ने सुझाव दिए ।




'संघीय लोकतान्त्रिक गणतन्त्रलाई सबलीकरण गर्नैपर्छ । दलहरु बीच सह-अस्तित्व हुनुपर्छ,' गुरुङले भने,'तर, पदका लागि एउटा पार्टीले अर्को पार्टी फुटाइदिन्छ । स्थापित पार्टीलाई फुटाएर आफ्नो घर अग्लो बनाउने प्रवृत्ति देखिएको छ ।'

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उपाध्यक्ष स्वर्णिम वाग्लेले संविधानमा देखिएको कमी कमजोरीहरुलाई संविधानकै धारा टेकेर हटाउनु पर्नेमा जोड दिए । 'हामी राजनीति नारामा मात्र रुमलियौं उनले भने, जनतालाई डिलेभरी दिएनौं भने समस्या हुन्छ । 'व्यक्ति र दललाई खुइल्याएर होइन, सिस्टमको खोटलाई पहिचान गर्दै सच्याउनु पर्नेमा उनले जोड दिए ।

लोसपा नेपालका वरिष्ठ उपाध्यक्ष जितेन्द्र सोनलले संघीय लोकतान्त्रिक गणतन्त्रलाई ध्वस्त पार्ने संकेतहरु देखा परिरहेको उल्लेख गर्दै भने, 'संघीयतालाई बलियो र अधिकारसम्पन्न बनाउन मधेशी जनता फेरि आन्दोलनमा होमिनु पर्ने भएको छ ।'

'समयसँगै संघीयता पक्षधरहरु कमजोर बनेको छ । यही मेसोमा काठमाण्डुमा परिवर्तनका सबै एजेन्डालाई ध्वस्त पार्ने आवाज सुनिदैछ,'सोनलले भने,'यो परिवर्तनकारी शक्तिका लागि संकटको घन्टी हो । विडम्बना कस्तो छ भने संघीयताका वकालत गर्नेहरु नै सत्तामा छन्, तर, प्रदेशलाई कमजोर र कामविहीन बनाइएको छ ।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले सबै किसिमको विभेद र असमानताको अन्त्य नभए सम्म कुनै पनि सुधार र विकास हुन नसक्ने बताएका छन् । '१० प्रतिशत मुठ्ठीभर परिवारका कारण देश दरिद्रको दरिद्र नै छ ' अध्यक्ष यादवले भने, भारत जस्तै नेपालमा पनि वर्ग मात्र होइन वर्ण अनुसार पनि शोषण र उत्पीडन रहेको छ ।

अध्यक्ष यादवले पार्टी विभाजन लगायतका विषयलाई आफ्नो भाषणमा सम्बोधन गरेनन् । जसपाबाट ७ जना सांसद अलग्गिएको विषयलाई अध्यक्ष यादवले नछोए पनि उनले संघीय देखि प्रदेश सम्म विपक्षमा रहेकाले त्यो भूमिका निर्वाह गर्ने बताए ।

आफूहरुको भूमिका अब विपक्षीको भएकाले सडकदेखि सदन सम्म जनताको हक अधिकारका लागि यसरी नै अग्रसर रहने उनले प्रतिबद्धता व्यक्त गरे ।

राज्य र नेतृत्व सुध्रिए नेपालबाट कोही पनि बाहिर जानु नपर्ने उल्लेख गर्दै उनले भने, किसान र मजदुरहरुसंग भइरहेको ज्यादती र अन्याय अन्त्य भए देश र जनता पुनः आत्मनिर्भर बन्ने छन् ।

'दुई तिहाई भन्दा बढी जनता पिछडिएका छन्, देशमा विकास कसरी हुन्छ ?' उनले भने, 'पर्यटन, पानी, प्राकृतिक सम्पदा, उर्वर भूमिसहितका अनेकन विकासका आधारहरु हुँदाहुँदै विश्वमै दरिद्र देशहरुको सूचीमा नेपाल पर्नु त्यसैको प्रष्ट प्रमाण हो ।'

महाधिवेशनको उद्घाटन सत्र राति ८ बजे सम्म चलेपछि बन्द सत्र मंगलबार बिहान ८ बजे सुरु हुने बताइएको छ । बन्द सत्रमा अध्यक्ष यादवले राजनीतिक प्रतिवेदन पेश गर्ने छन् । उनले देशका ठूला राजनीतिक दलहरुको विषयमा प्रष्ट धारणा राखेका छन् ।

यादवले कांग्रेस पार्टीलाई लोकतान्त्रिक वैचारिक दृष्टिकोणले उदार लोकतान्त्रिक धारको नेतृत्व गर्ने पार्टी भए पनि व्यवहारमा त्यस्तो नदेखिएको प्रतिवेदनमा उल्लेख गरेका छन् । कांग्रेस विश्वव्यापीकरण, निजीकरण, खुला बजारमा आधारित अर्थव्यवस्था र आर्थिक उदारीकरणको पक्षमा उभिएको र अर्थतन्त्रलाई कुनै किसिमको नियन्त्रण हुनु हुँदैन भन्ने मान्यता राखेको दल रहेको उनको राजनीतिक दस्तावेजमा उल्लेख छ ।






# हिमाद्री फुड उद्योगका मजदुर आन्दोलित

**रञ्जन यादव**

बारा । वीरगंज-पथलैया राजमार्गको रातो पुल नजिकै रहेको हिमाद्री फुड प्रा.लि.का मजदुरहरु कामकाज ठप्प गरी आन्दोलित भएक छन् ।

जीतपुरसिमरा उपमहानगरपालिका- ५ स्थित उद्योगले तलब बाहेकको सेवा सुविधा नदिएको भन्दै उनीहरु आन्दोलित भएका छन् ।

उद्योगले बोनसको सुविधा नदिएको र काम गर्दा अपनाउनु पर्ने सेफ्टीमा ध्यान नदिएको भन्दै उनीहरु आन्दोलित भएका छन् ।

माग पुरा नभएसम्म आफुहरुको आन्दोलन जारी रहने मजदुरहरुले बताएका छन् । बारम्बार गरिएको वार्ताको प्रयास असफल भएपछि बाध्य भएर आन्दोलन गर्नु परेको उनीहरु बताउँछन् ।

६ महिना अघि देखि नै वार्ताको माध्यमबाट समस्याको समाधान गर्ने प्रयास गरिरहँदा पनि समस्याको समाधानतर्फ उद्योगले चासो नदेखाएपछि बाध्य भएर आन्दोलन गर्नु परेको कार्यरत मजदुर सरु रायले जानकारी दिइन् ।

८ वर्षसम्म उद्योगमा कार्य गरिरहँदा पनि उद्योगले बोनसको रुपमा एक रुपैयाँ पनि नदिएको दुखेसो गरिन् ।

६ महिनाको तलब बोनसको रुपमा माग्दा उद्योगले घाटामा छ भन्दै १५ दिनको बोनस दिने बताएपछि वार्ता भंग भएको मजदुरहरुले बताएका छन् ।



यता अर्का मजदुर समना भट्टले दिनरात उद्योग चलाएर उद्योग घाटामा छ भन्नु हस्यापद विषय भएको बताइन् ।

हिमाद्री फुड प्रा.लि.का प्रबन्ध निर्देशक विकल्प पाँलले मजदुरहरुको आन्दोलनलाई हेरेर आफुहरुले निर्णय लिने जानकारी दिए । उनले यस विषयमा थप प्रतिक्रिया दिन मानेनन् । हिमालय फुड प्रा.लि.मा २२ जना स्थायी मजदुरसहित ४१ जना कार्यरत रहेका छन् । उद्योगले विभिन्न किसिमको चक्लेट र चुइँगम उत्पादन गर्ने गर्दछ ।

# कुमारीचोक तथा केन्द्रीय तहसील कार्यालयको काम प्रभावकारी बनाउन निर्देशन

काठमाण्डु । सङ्घीय प्रतिनिधिसभाअन्तर्गतको सार्वजनिक लेखा समितिले सरकारी बेरुजु फर्छ्यौट तथा सरकारी बाँकी सरह असुलउपर गर्ने काम प्रभावकारी नभएकाले कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयको काम प्रभावकारी बनाउन निर्देशन दिएको छ ।

बेरुजु फर्छ्यौटको अवस्था र समस्या समाधानका लागि अर्थ मन्त्रालय, महालेखापरीक्षकको कार्यालय र कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयसँग समितिले सोमबार छलफल गरेको थियो । आजको छलफल तथा बैठकमा बेरुजु फर्छ्यौट र सरकारी बाँकीसरह असुलउपर गर्नुपर्ने रकम असुल गर्न देखिएका समस्या समाधानका लागि निर्देशन दिएको समितिका सभापति ऋषिकेश पोखरेलले जानकारी दिनुभयो ।

"देशमा बेरुजु क्रमशः बढोत्तरी हुँदै गइरहेको छ भने आर्थिक वर्ष २०५९/६० सम्मका बेरुजुको लगतकट्टा तथा सरकारी बाँकी सरह असुलउपर गर्नुपर्ने काम अझै बाँकी रहनुले हाम्रो विगत, वर्तमानको आर्थिक सुशासन र वित्तीय अनुशासनको अवस्था चित्रित गर्दछ", सभापति पोखरेलले भन्नुभयो, "पुराना असुलउपर गर्नुपर्ने बेरुजुलाई निश्चित समयभित्रै फर्छ्यौट नगरे आगामी दिनमा बेरुजुको आयतन बढ्ने निश्चित छ ।"

बैठकले कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारी कार्यालय प्रमुख हुने गरी व्यवस्थापन गर्न र आवश्यकपर्ने जनशक्ति थप गरी तत्काल सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न/गराउन निर्देशन दिएको छ ।

बेरुजु फर्छ्यौट समितिको सचिवालयको रुपमासमेत केन्द्रीय तहसिल कार्यालयले काम गर्ने भएकाले उक्त समितिमा रहने सदस्य शीघ्र तोक्न र समितिको कार्यालय तत्काल व्यवस्थापन गर्न समितिले निर्देशन दिएको हो । असुलउपर गर्नुपर्ने पुराना अभिलेख सुरक्षित राख्नुपर्ने र कुमारीचोक तथा केन्द्रीय तहसील कार्यालय भाडामा रहेकोले यस्ता अभिलेख संरक्षण गर्न चुनौती हुने समितिले जनाएको छ । कार्यालयलाई शीघ्र सरकारी खाली भवन उपलब्ध गराउनसमेत समितिले सरकारलाई निर्देशन दिएको छ ।

समितिको सोमबारको बैठकले पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्पन्न भइसक्दासमेत सञ्चालनमा आउन नसकेको तथा निर्माण पक्षमा त्रुटी रहेको भन्ने विषयमा दुईवटा टोली बनाइ अध्ययन गर्ने निर्णय गरेको छ ।रासस

## जसपा नेपालको राजनीतिक प्रतिवेदन

# स्वायत्ततासहितको संघीय प्रणाली हुन नसक्नुमा कांग्रेस दोषी

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादीपार्टीनेपाललेपहिचानमा आधारित स्वायत्ततासहितको संघीय प्रणाली हुन नसक्नुमा प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसलाई दोष दिएको छ ।

सोमबारबाट सुरू भएको एकताको राष्ट्रिय महाधिवेशनमा अघि सारिएको राजनीतिक प्रतिवेदनमा कांग्रेसलाई दोष दिएका छन् ।

अध्यक्ष उपेन्द्र यादवले सार्वजनिक गरेको राजनीतिक प्रतिवेदनमा 'यो पार्टीले संसदीय लोकतन्त्रलाई आफ्नो अडान बनाएको छ । संविधानसभाले संविधान बनाउँदा प्रत्यक्ष जननिर्वाचित कार्यकारी राष्ट्रपति र पूर्ण समानुपातिक संसदको व्यवस्था हुन नसक्नुको कारण कांग्रेसको अडान पनि थियो । कांग्रेस उत्पीडित जनताको मुक्ति, पहिचान र अधिकारको विपक्षमा छ। संघीय प्रणालीको सही मोडल अर्थात् पहिचानमा आधारित स्वायत्ततासहितको संघीय प्रणाली हुन नसक्नुमा कांग्रेसको ठूलो हात छ।'

कांग्रेस सहभागीतामूलक, समावेशी समानुपातिक लोकतन्त्रको विरूद्धमा उभिने गरेको पनि अध्यक्ष यादवले आरोप लगाएका छन् । कांग्रेस नेतृत्वको सरकारले नै नेपालमा निरपेक्ष निजीकरण र उदारीकरण सुरूवात गरेको सो प्रतिवेदनमा उल्लेख छ।

राष्ट्रिय उद्योग धन्दाहरू समाप्त पार्ने, कृषि अनुदान कटौती गर्ने, कृषि प्रधान देशलाई कृषि वस्तुमै परनिर्भर आयातकर्ता बनाउने, श्रम निर्यात गर्ने बाँकी सबै वस्तुहरू विदेशबाट आयात गर्ने, देशलाई निरन्तर व्यापार घाटामा पार्ने रूपमा पनि कांग्रेसलाई सो प्रतिवेदनमा उल्लेख छ।

सार्वजनिक गरिएको राजनीतिक प्रतिवेदनमा 'शिक्षा र स्वास्थ्यको अति व्यापारीकरण तथा माफियाकरण गर्ने, भूव्यवस्थाको व्यापारीकरणमार्फत् अव्यवस्थित सहरीकरण र सहरी सुकुम्वासी समस्या सिर्जना गर्ने, नियमक संस्थाहरूको भूमिका कमजोर पार्ने, जताततै मूल्य कार्टेलिङ्ग र सिन्डीकेटलाई प्रश्रय दिने, ठेक्कापट्टा र राजकीय स्रोतमा निश्चित वृत्तलाई मात्र पोस्ने र कमिसन तन्त्रलाई बढावा दिने जस्ता प्रवृत्तिहरू कांग्रेसले संस्थागत गरेको हो,' उल्लेख छ।

कांग्रेसको शासनकालमा लाउडा, घमिजा, सुडान जस्ता ठूल्ठूला भ्रष्टाचार काण्ड भएको पनि उल्लेख गरिएको छ । तर कहिल्यै विश्वसनीय छानबिन नभएको सो दस्तावेजमा औंल्याइएको छ।

सो राजनीतिक प्रतिवेदनमा भनिएको छ, 'सुशासनको सवालमा यो पार्टीको प्रतिबद्धता व्यवहारमा देखिएन । आज कांग्रेस आफ्नै असक्षमता, अकर्मण्यता र नालायकीको भारले थिचिएको छ । प्रमुख प्रतिपक्षको भूमिका समेत राम्ररी निभाउन नसक्ने गरी थङथिलो भएको छ। तथापि यो पार्टीको देशभरि फैलिएको संगठन र परम्परागत जनमत छ,' सो राजनीतिक प्रतिवेदनमा उल्लेख छ, 'वैकल्पिक लोकतान्त्रिक तथा समाजवादी दलको अभावमा राजावादी र कम्युनिस्टलाई भोट दिन नचाहने जनमतले यो पार्टीलाई भोट दिँदै आएको छ। हाम्रो पार्टीले यो जनमतमाथि उल्लेखनीय हस्तक्षेप गर्नुपर्दछ।'

कांग्रेस उदारवादी लोकतान्त्रिक शक्ति भएकाले लोकतन्त्र, राष्ट्रियता र विकासको सवालमा जसपा नेपालले सहकार्य गर्न सक्नेसमेत सो प्रतिवेदनमा उल्लेख छ।

आउँदा केही वर्ष र दशकभित्रै एमालेलगायत कम्युनिस्टहरू पतन भइसक्ने सार्वजनिक गरिएको राजनीतिक प्रतिवेदनमा उल्लेख गरिएको छ।

नेकपा (एमाले) बारे जसपा नेपालले दस्तावेजमार्फत् ' एकैसाथ संसदवादी' र कम्युनिस्ट बन्ने अन्तरविरोधपूर्ण बाटोमा अग्रसर भएको टिपण्णी गरिएको छ।

सो राजनीतिक प्रतिवेदनमा 'नेपाल कम्युनिस्ट पार्टीको स्थापना साम्राज्यवाद विरूद्ध सङ्घर्ष, सामन्तवादको अन्त्य, जहानियाँ राणा शासनको अन्त्य, जनवादी गणतन्त्रको स्थापना सँगै जनवाद, समाजवाद हुँदै साम्यवादी लक्ष्य प्राप्तिका लागि संघर्ष गर्ने उद्देश्य थियो। तर सन् १९९० को दशकमा सोभियत संघको पतनपछि एमालेले 'जनताको बहुदलीय जनवाद' मार्फत् परम्परागत संसदीय प्रणालीको बाटो समात्यो। 'एकैसाथ संसदवादी' र कम्युनिस्ट बन्ने अन्तरविरोधपूर्ण बाटोमा अग्रसर भएको छ' उल्लेख छ।

एमाले पार्टीको स्थापनाकालीन मान्यता, सिद्धान्त र उद्देश्यहरू विश्वव्यापी रूपमा असफल भएपछि नेपाली कम्युनिस्ट आन्दोलन कुहिरोको कागजस्तै भएको जसपा नेपालले आफ्नो राजनीतिक प्रतिवेदनमा उल्लेख गरेका छन्।

सो राजनीतिक प्रतिवेदनमा भनिएको छ, 'एकातिर उनीहरू मार्क्सवाद-लेनिनवाद-माओवादप्रति शब्दनिष्ठा व्यक्त गर्न छाडेका छैनन् भने अर्कोतिर यी विचारको सान्दर्भिकता र प्रयोगबारे उनीहरूमा व्यापक अन्योल, अविश्वास, निराशा र हिनतावोध छ।'

यसै वैचारिक संकटबीच उनीहरूले आफूलाई 'दार्शनिक तथा वैचारिक कम्युनिस्ट नभएर केवल राजनीतिक रूपमा मात्र कम्युनिस्ट' भएको बुझिदिन आग्रह गर्दै आएको पनि सो प्रतिवेदनमा जिकिर गरिएको छ।

सो राजनीतिक प्रतिवेदनमा ' एकातिर लोकतन्त्रप्रतिको आफ्नो निष्ठामा शंका नगर्न अनुनय-विनय गर्दछन् भने 'अर्कोतिर 'कम्युनिस्ट-कम्युनिस्ट' को नाममा सामिप्यता र आडभरोसा खोज्न पनि छोडेका छैनन् । एकदलीय सर्वहारा राज्य वा कम्युन प्रणालीलाई मौका पर्ने बित्तिकै गौरव पनि गर्दछन् । यसरी नेपालको कम्युनिस्ट आन्दोलन वैचारिक रूपले अँध्यारो सुरूङ भित्रको यात्रा गरिरहेको छ,' उल्लेख छ।

दार्शनिक, वैचारिक रूपमा अन्योलग्रस्त र नैतिक रूपमा स्खलित भइसकेको पार्टी संगठनात्मक रूपमा मात्र लामो समय बलियो भइरहन नसक्ने एमालेबारे जसपाले निष्कर्ष निकालेको छ।

आउँदा केही वर्ष वा दशकभित्र कम्युनिस्ट पार्टीहरू भविष्यमा फेरि उठ्न नसक्ने गरी पतनको दिशामा अभिमुख हुने सो प्रतिवेदनको निष्कर्ष छ।

सो राजनीतिक प्रतिवेदनमा 'एमालेको राजनीतिक व्यवहार र सञ्चालन गरिरहेको सरकारले यही कुरा पुष्टि गर्दछ। कम्युनिस्ट पार्टीका ठुल्ठूला नेताहरू भ्रष्टाचार, कमिसनतन्त्र तथा नैतिक पतनको घटनामा लज्जास्पद ढंगले उदांगिँदै छन् । आर्थिक क्षेत्रमा उदारवाद, नवउदारवादी, नीतिलाई नै निरन्तरता दिइरहेको छ। शिक्षा र स्वास्थ्यको व्यापारीकरण कम्युनिस्ट नेतृत्वको सरकारमा पनि रोकिएको छैन। सम्पत्ति शुद्धीकरण आयोगलाई निष्क्रिय बनाउने तथा ठूला आयोजनाहरू बिनाटेन्डर सिधै सम्झौता गर्न सक्ने प्रकरणको भित्री रहस्य कालो धन र कमिसनतन्त्रसँगको साँठगाँठ हो भन्ने कुरामा कुनै शंका छैन,' दस्तावेजमा ठोकुवा गरिएको छ। उल्लेख छ।

नेपालका कम्युनिस्टहरूले निर्दलीय व्यवस्थाका पञ्चहरूभन्दा पनि तल्लोस्तरका क्रियाकलाप र चरित्रको प्रदर्शन गरिरहेको सो प्रतिवेदनमा उल्लेख छ।

सो राजनीतिक प्रतिवेदनमा 'वर्तमान संविधान जारी गर्दा बखत कांग्रेससँग मिलेर मधेसी, आदिवासी जनजाति, थारू, मुस्लिम, खस-आर्य, दलित, महिला, पछाडि पारिएका वर्ग आदि आन्दोलनलाई निर्मम रूपले दमन गर्ने, संसदीय शासकीय प्रणाली कायम राख्ने, पहिचान र सामर्थ्यका आधारमा राज्य पुनर्संरचना हुन नदिने नेकपा (एमाले) को प्रत्यक्ष संलग्नता रहेको छ। कम्युनिस्ट आन्दोलनको लोकतान्त्रिकरणको नाममा नेकपा (एमाले) नेपाली कांग्रेस जस्तै औपचारिक- प्रतिनिधिमूलक संसदीय लोकतन्त्र/उदारवादी लोकतन्त्रको पक्षपाति बन्न पुगेको छ,' उल्लेख गरिएको छ।

एमालेले पहिचान, समानुपातिक समावेशी, सहभागितामूलक तथा प्रत्यक्ष लोकतन्त्र र राष्ट्रिय, जातीय, वर्गीय, लैंगिक मुक्तिको विरूद्धमा उभ्याएको सो प्रतिवेदनमा उल्लेख छ।

'यस्तो प्रवृत्तिविरूद्ध हाम्रो पार्टीले तीव्र वैचारिक तथा राजनीतिक सङ्घर्ष गर्नुपर्दछ। कम्युनिस्ट समर्थक र तल्लो तहका इमान्दार कार्यकर्ता पंक्तिलाई प्रशिक्षित गर्दै समाजवादी लोकतन्त्र/समाजवादी लोकतन्त्रको मार्गचित्र र कार्यदिशाबारे प्रशिक्षित गर्दै ध्रुवीकृत गर्ने प्रयास गर्नुपर्छ' सो राजनीतिक प्रतिवेदनमा उल्लेख छ।

त्यस्तै जसपा नेपालले कांग्रेस-एमालेले धमिल्याएको पानीमा राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपालले माछा मार्न खोजेको सो प्रतिवेदनमा टिप्पणी गरेको छ।

सो राजनीतिक प्रतिवेदनमा 'राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल पुरातन सम्वर्द्धनवादी धारको प्रतिनिधि पार्टी हो। यो पार्टीले सङ्घीयता, गणतन्त्र, धर्मनिरपेक्षतालाई अन्त्य गरी वंशानुगत राजतन्त्रात्मक शासन प्रणलीको पुनर्स्थापना गर्न चाहन्छ । राप्रपाले आफूलाई राजावादी, हिन्दु राष्ट्रवादी पार्टी भन्न रूचाउँछन् । पुराना शासकवर्ग र परिवार, राणा, शाह र पञ्चायती शासनका हर्ताकर्ता पञ्चहरूको राजनीतिक रक्षाकवचका रूपमा यो पार्टीको उदय भयो,' जसपाले व्याख्या गरेको छ।

राप्रपाले जनताको धार्मिक भावनाको राजनीतिक दोहन गरेर शक्तिमा फर्किन चाहेको पनि बताएको छ।

सो राजनीतिक प्रतिवेदनमा ' यो पार्टी पछिल्लो चुनावमा केही स्थान हासिल पनि गरेको छ । ' महेन्द्रीय राष्ट्रवाद'को पैरवी गर्न राप्रपा धारले बेलाबेलामा कांग्रेस-कम्युनिस्टको असक्षमताको धमिलो पानीमा माछा मार्ने प्रयत्न गर्दछ र राजतन्त्र फर्किने हल्ला पनि गर्दछ । नेपाली जनताको लामो संघर्ष र ठूलो बलिदानको मूल्यमा राजतन्त्रको अन्त्य गरी गणतन्त्र स्थापना भएका छन् । जबकि त्यो फर्किने कुनै सम्भावना नै छैन । तथापि यो पार्टीले छर्ने आवश्यक भ्रमलाई चिर्न हाम्रो पार्टी निरन्तर चनाखो रहनुपर्दछ,' प्रतिवेदनमा उल्लेख छ।

तर लोकतान्त्रिक समाजवादी पार्टी नेपाललाई भने मित्रशक्तिको रुपमा व्याख्या गरेको छ। जसपा नेपालले लोसपा नेपाललाई मित्रशक्तिको रूपमा चित्रण गरेको छ। लोसपा समावेशीता, राष्ट्रिय पहिचान र अधिकारकारको पक्षधर लोकतान्त्रिक पार्टी भएको सो प्रतिवेदनमा उल्लेख छ।

'यो पार्टीसँग हाम्रा केही ऐजेण्डाहरू मिल्छन्। तर यो पार्टी देश र जनताको हितमा आफ्नो निर्णय आफैं लिन सक्दैन, अर्काको मुख ताक्ने गर्दछ। तर पनि यो पार्टीसँग सहकार्य गर्न सकिन्छ' सो राजनीतिक प्रतिवेदनमा उल्लेख गरिएको छ।

नेपालमा कम्युनिस्ट घेराभित्रै नेकपा (एकीकृत समाजवादी), नेकपा (मसाल), नेकपा, नेमकिपा, माले दल रहेको सो प्रतिवेदनमा उल्लेख छ।

यी दलहरू वा त शास्त्रीय साम्यवादको धङधडीबाट ग्रस्त वा त नेकपा (एमाले) कै उपग्रही विचार बोक्ने भएको ठहर गरेको छ।

नेकपा माओवादी केन्द्रले १० वर्षे जनयुद्धमार्फत् प्रारम्भिककालको जनवादी गणतन्त्र नेपाल स्थापना गर्ने उद्देश्यलाई स्थगन गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनामा महत्वपूर्ण योगदान गरेको जसपा नेपालले सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख गरेको छ।

माओवादीले संसदीय निर्वाचनमा आफ्नो स्थिति अत्यन्त कमजोर हुने देखेर बाध्य भइ एमालेसँग मिलेर २०७४ सालको चुनाव लडेको उल्लेख गर्दै सत्ता स्वार्थ र नेतृत्वको बीचको आन्तरिक द्वन्द्वका कारण सो एकता टिक्न नसकेको टिप्पणी सो प्रतिवेदनमा उल्लेख छ।

माओवादीले आफूलाई सर्वहारा वर्गको पार्टी भने पनि वास्तवमा पार्टीको आशा र विश्वास नदेखिएको टिप्पणी गरेको छ।

'राष्ट्रिय स्वतन्त्र पार्टी, नागरिक उन्मुक्ति पार्टी जस्ता नयाँ दलहरूले विकास, सुशासन, समृद्धि र सुसंस्कृत राजनीति नभएको चिन्ता व्यक्त गर्दै छन्। यो सकारात्मक कुरा नै हो । तर, यी दलका विचार के हुन्? र केकस्ता ऐजेण्डा बोक्ने हुन् । त्यो प्रष्ट छैन । केही नयाँ गरौं भन्ने हुटहुटीले यी दल बनेका हुन सक्छन्। यिनीहरूलाई धैर्यतापूर्वक बुझ्ने, पर्खने गर्नुपर्दछ । यसका साथै गलतबाटोतर्फ न जाउन् भनेर वैचारीक संघर्ष पनि जारी राख्नुपर्दछ,' सो राजनीतिक प्रतिवेदनमा छ।

मधेसबाटै उदाएको अर्को शक्ति जनमत पार्टी र हालै जसपा नेपालबाट विभाजन भएर बनेको जसपाको बारेमा भने जसपा नेपालको प्रतिवेदन मौन देखिएको छ।

जसपा नेपालबाट विभाजन भई गठन भएको जनता समाजवादी पार्टीबारे सो प्रतिवेदनमा केही पनि उल्लेख छैन।

> "राष्ट्रिय स्वतन्त्र पार्टी, नागरिक उन्मुक्ति पार्टी जस्ता नयाँ दलहरूले विकास, सुशासन, समृद्धि र सुसंस्कृत राजनीति नभएको चिन्ता व्यक्त गर्दै छन्। यो सकारात्मक कुरा नै हो । तर, यी दलका विचार के हुन? र केकस्ता ऐजेण्डा बोक्ने हुन् । त्यो प्रष्ट छैन ।

**मोटरसाईकल हरायो**

मेरो नाममा दर्ता रहेको प्र.०२-००५ प ९५८२ नम्बरको कालो र रातो रंगको च्याचिस नम्बर MD2A13EX6MCJ80351 ईञ्जिन नम्बर DKXCMJ34776 २२० सीसीको बजाज कम्पनीको पल्सर मोटरसाइकल मिति २०८१/०२/१३ गते जि.धनुषा मालपोत कार्यालयको अगाडी सार्वजनिक बाटोमा पार्किंग गरेको अवस्थामा अन्दाजी दिउँसो ३ :३० बजेको समयमा हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको नम्बरमा खबर गरिदिनु हुन अनुरोध छ।

**नामः विजय साह**
**ठेगानाः जि.म. बर्दिबास नपा -६**
**मो. नं. ९८१८२२६७१५**


## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ। |
| बृष | : नयाँ कार्य हुने। |
| मिथून | : बौद्धिक क्षमता। |
| कर्कट | : प्रतिभा सम्पन्नता। |
| सिंह | : शिक्षामा उन्नति। |
| कन्या | : पारिवाहिक सुख। |
| तुला | : धन वृद्धि सञ्चय। |
| बृश्चिक | : प्रेम प्रसंग, मित्र सुख। |
| धनु | : सुख समृद्धि हुने। |
| मकर | : भ्रमण अवसर हुने। |
| कुम्भ | : अवसर प्राप्त। |
| मीन | : वाद विवादबाट बच्नु। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# एसइईको नतिजा असार दोस्रो साताभित्र




भक्तपुर। राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले यसवर्षको माध्यामिक शिक्षा परीक्षा (एसइई)को नतिजा असार दोस्रो साताभित्र सार्वजनिक गर्ने गरी काम भइरहेको जनाएको छ ।सोमबार कुरा गर्दै परीक्षा नियन्त्रक नन्दलाल पौडेलले कार्यालयले तयार पारेको कार्ययोजनाअनुसार उत्तरपुस्तिका परीक्षण र अङ्कभार प्रविष्ट गराउने काम सकिएको जानकारी दिनुभयो ।

उहाँले कार्ययोजनाअनुसार काम भइरहेकाले असार दोस्रो साताभित्र नतिजा सार्वजनिक गर्ने गरी अन्य काम तीव्र गतिमा भइरहेका बताउनुभयो । "हामीले उत्तरपुस्तीका परीक्षण र अङ्क अभिलेखको काम सकेका छौँ । प्राविधिक त्रुटि नदेखिए केही दिन अगाडि नै नतिजा प्रकाशित गर्न र कुनै समस्या भए दोस्रो साताभन्दा पर नजाने गरी काम भइरहेको छ। कर्मचारीका विभिन्न समूह बनाएर काम भइरहेकाले निर्धारित समयमै नतिजा सार्वजनिक गर्छौँ", उहाँले भन्नुभयो । उहाँले ५२ वटा परीक्षण केन्द्रमा उत्तरपुस्तिका परीक्षण गरिएको जानकारीसमेत दिनुभयो ।

गतवर्ष असार २४ मा एसइईको नतिजा सार्वजनिक गरेको बोर्डले यसवर्ष १४ दिन अगावै नतिजा सार्वजनिक गर्ने गरी तयारी गरेको भन्दै परीक्षा नियन्त्रक पौडेलले यसवर्ष सैद्धान्तिक र प्रयोगात्मकलाई फरक गरेर सार्वजनिक गरिने बताउनुभयो ।

यसवर्षको नतिजामा विद्यार्थीले सैद्धान्तिक तर्फ ७५ अङ्कको परीक्षामा ३५ प्रतिशत अर्थात् २७ अङ्क अनिवार्य ल्याउनै पर्ने अन्यथा फेल भए सरह मानिने बताउनुभयो । गत चैत १५ गतेदेखि सुरु भएको यसवर्षको परीक्षामा नियमिततर्फ चार लाख ६७ हजार र ग्रेड वृद्धितर्फ २१ हजार विद्यार्थीले परीक्षा दिएका छन् ।रासस

# प्रधानमन्त्री दाहालसँग भारतीय संघीयमन्त्री जयशङ्करको भेटवार्ता




काठमाण्डु । छिमेकी मित्रराष्ट्र भारतको औपचारिक भ्रमणमा रहनु भएका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग भारतका नवनियुक्त सङ्घीयमन्त्री एस जयशङ्करले शिष्टाचार भेट गर्नुभएको छ ।

प्रधानमन्त्री दाहाल बस्नुभएको होटल ताजमा सोमबार भएको भेटमा उहाँहरूबीच द्विपक्षीय सम्बन्ध, आपसी सहयोग र विगतमा भएका सम्झौता एवं समझदारी कार्यान्वयनका विषयमा छलफल भएको नयाँ दिल्लीस्थित नेपाली दूतावासले जनाएको छ ।

सो अवसरमा प्रधानमन्त्री दाहालले भारतको मन्त्री पदमा नियुक्त हुनुभएकोमा जयशङ्करलाई हार्दिक बधाई एवं कार्यकालको शुभकामना व्यक्त गर्नुभयो । उहाँले आगामी दिनमा दुई देशबीच रहीआएको आपसी एवं जनस्तरको सम्बन्ध थप प्रगाढ हुँदै जाने विश्वास व्यक्त गर्नुभयो ।

त्यसैगरी मन्त्री जयशङ्करले प्रधानमन्त्री नरेन्द्र मोदीको सपथ ग्रहण समारोहमा सहभागी हुनुभएकोमा प्रधानमन्त्री दाहाल र नेपाल सरकारलाई धन्यवाद व्यक्त गर्नुभयो । उहाँले दुई देशबीच भएका सम्झौता एवं समझदारीको कार्यान्वयनमा भारत सरकार गम्भीरतापूर्वक लागेको र सन्तोषजनक प्रगति भइरहेको जानकारी गराउनुभएको थियो ।भेटमा प्रधानमन्त्रीका सुपुत्री गङ्गा दाहाल, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरी, परराष्ट्र सचिव सेवा लम्साललगायत भारतस्थित नेपाली राजदूतावासका उच्च अधिकारी तथा भारतको विदेश मन्त्रालयका उच्चअधिकारीहरू सहभागी हुनुहुन्थ्यो ।रासस

# सङ्घीय अस्पतालका सघन उपचार कक्ष सुधार गर्न संसदीय समितिको निर्देशन



काठमाण्डु । प्रतिनिधिसभा, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले देशभरका सङ्घीय अस्पतालमा रहेका सघन कक्ष (आइसियु) र अति सघन कक्ष (सिसियु)को अवस्थाबारे अध्ययन गरी आवश्यक सुधार गर्न सरकारलाई निर्देशन दिएको छ ।

समितिको सोमबारको बैठकले वीर अस्पतालमा रहेका आइसियु, सिसियु बेड, भेन्टिलेटर, कार्डियाक युनिट, जेरियाट्रिक युनिट र लिभर युनिटमा जनशक्ति व्यवस्थापन गरी सञ्चालनको व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिएको हो । समिति सभापति अम्मरबहादुर थापाले उपत्यकाका वीर, पाटन, त्रिवि शिक्षण अस्पतालको अवस्था र सेवा प्रवाहबारे समितिले अनुगमन गर्ने र स्वास्थ्य मन्त्रालयको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम सर्भे) अघि बढाउन अर्थ मन्त्रालयलाई अनुरोध गर्नेसमेत निर्णय भएको जानकारी दिनुभयो ।

बैठकमा उक्त मन्त्रालयको अवस्था, कार्यप्रगति र चुनौतीबारे छलफलपछि समितिले स्वास्थ्य क्षेत्रको गुणस्तर सुधार एवं सेवा प्रभावकारिताका लागि मन्त्रालयलाई निर्देशनसमेत दिएको छ । यसैगरी समितिले अछामको बयलपाटा अस्पतालका लागि प्रदेश सरकारबाट बजेट विनियोजन नहुँदा सञ्चालन व्यवस्थापनमा कठिनाइ भएकाले विशेष अनुदानको व्यवस्था गर्न मन्त्रालयलाई निर्देशन दिएको छ ।

बैठकमा मन्त्री स्वास्थ्य तथा जनस॒ ्यामन्त्री प्रदीप यादवले स्वास्थ्य क्षेत्रको सुधारका लागि तीनै तहका सरकार जिम्मेवार हुनुपर्ने बताउनुभयो । उहाँले देशका दुर्गम जिल्लामा विशेषज्ञ चिकित्सकलाई परिचालनमा देखिएको समस्याबारे समितिसमक्ष गुनासो गर्नुभयो । "देशमा तीन तहका सरकार छन् तर सबै तहले आ-आफ्नो जिम्मेवारी पूरा गर्न सकेका छैनन्", मन्त्री यादवले भन्नुभयो, "चिकित्सकलाई दुर्गम पठाउँदा दबाब र प्रभाव आउने अवस्था छ ।

सबै चिकित्सक सुगम जाने भए दुर्गममा कसले सेवा दिने ? यस्ता विषयमा पनि अब हामीले गम्भीर बन्नुपर्ने आवश्यकता छ ।" उहाँले स्वास्थ्य क्षेत्रमा जनशक्तिको अभावपूर्ति गर्नका लागि जनशक्ति थप्न आवश्यक पहलका लागि समितिलाई अनुरोधसमेत गर्नुभयो ।

मन्त्री यादवले समग्र स्वास्थ्य क्षेत्र सुधारका लागि मन्त्रालय प्रयासरत रहेको र सङ्घीय अस्पताल, औषधि व्यवस्था विभाग र स्वास्थ्य बीमा कार्यक्रममा सुधार गर्न थप क्रियाशील हुने प्रतिबद्धता व्यक्त गर्नुभयो ।रासस

# जनता र देशहितका लागि दलीय स्वार्थबाट माथि उठेर बहस गरौँः उपसभामुख राना



काठमाण्डु । उपसभामुख इन्दिरा रानाले संसद्मा हुने छलफललाई जनताले नजिकबाट नियाली रहेकाले व्यक्ति, परिवार र दलीय स्वार्थबाट माथि उठेर बहस गर्नुपर्ने धारणा व्यक्त गर्नुभएको छ ।

सङ्घीय संसद् मानव संसाधन विकास महाशाखाद्वारा सोमबार आयोजित संसदीय प्रभावकारिता सम्बन्धमा पूर्वसांसद मञ्चसँगको अन्तरक्रियामा उहाँले सविधानको मर्म र भावनाअनुरुप समानता, समावेशी र विविधतालाई पनि सबैले आत्मसात् गर्नुपर्ने खाँचो औँल्याउनुभयो ।

उपसभामुख रानाले भन्नुभयो, "पूर्वसांसदका अनुभव, विज्ञता र ज्ञानको विश्वविद्यालय भएकाले उहाँहरुको सुझावका आधारमा संसद्लाई जनताको बहसको थलो बनाउनुपर्छ ।" पूर्वसांसद शिवजी यादवले सांसद भनेको व्यक्ति मात्र नभई संस्था भएकाले उसको पहिचान र मर्यादाका लागि अध्ययन र अनुसन्धान गर्ने सचिवालयको खाँचो रहन्छ भन्नुभयो ।पूर्वसांसद विष्णुबहादुर राउतले सबै विधायकको ऊर्जालाई जनता र राष्ट्रको हितमा लगाउन निर्वाचन क्षेत्र, जिल्ला र राष्ट्रका समसामयिक विषय निरन्तर उठाउनुपर्नेमा जोड दिनुभयो । पूर्वसासद धना खतिवडाले सांसदलाई उद्योगी तथा व्यापारी जस्तो धनी बन्नेतर्फ नभई जनता र देशप्रतिको दायित्व निर्वाहका लागि कोसिस गर्न सुझाव दिनुभयो ।

विषय विज्ञका रुपमा संविधानसभा सदस्य खिमलाल देवकोटाले स्वार्थ बाझिने, भ्रष्टाचार बढाउने र मुलुकलाई चुनौती खडा गर्नेजस्ता काममा सांसद लाग्न नहुने बताउनुभयो । उहाँले भन्नुभयो, "संसद्ले नै सरकार चलाउने र नियन्त्रण गर्ने हो, लोकतान्त्रिक शासन प्रणालीमा सरकारले संसद् लाई खुम्च्याउन सक्दैन । त्यसका लागि संसद् र सांसद प्रभावकारी बन्नुपर्छ ।"कार्यक्रममा सांसदहरु प्रेम सुवाल, सीता मिजार, शिव नेपाली, नारायणी शर्मा, रोशन कार्की, पूर्वसांसद अजय द्ववेदीलगायतले संसद् सरकारको नियन्त्रणमा रहेको तथा सदनमा उठाइएको विषय सम्बोधन नभएको भनी असन्तुष्टि प्रकट गर्नुभयो ।

उहाँहरुले संसद् र सांसदको मुख्य जिम्मेवारी बजेट स्वीकृति, संसदीय खबरदारी, नीति र विधि निर्माण तथा अनुगमन नियन्त्रण भएपनि अझै पनि मूल विषयमै अलमलमा परेको धारणा राख्नुभयो ।

सङ्घीय संसद् सचिवालयका सचिव सुदर्शन खड्काले जनताका सर्वोच्च जनप्रतिनिधिमूलक संस्था संसद्लाई प्रभावकारी र जनउत्तरदायी तुल्याउन सांसदमा अध्ययनशिलता र धैर्यताको खाँचो औँल्याउनुभयो ।

उहाँले भन्नुभयो, "जनप्रतिनिधिका रुपमा संसद्मा आएका विधायक मुख्यरुपमा कानुन निर्माणको भूमिकामा रहनुपर्ने भएकाले कसैको पक्ष, विपक्ष नभई निष्पक्ष भएर काम गर्नुपर्छ ।"रासस

# राजनीतिक स्थिरता आवश्यक छः वरिष्ठ उपाध्यक्ष पोखरेल

मकवानपुर । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले राष्ट्रको भौगोलिक अखण्डता, राष्ट्रिय स्वतन्त्रता र सामाजिक सद्भावलाई जोगाइराख्न राजनीतिक स्थिरता आवश्यक रहेको बताउनुभएको छ ।

एमाले मकवानपुरको १२ औं अधिवेशनबाट निर्वाचित नयाँ पदाधिकारीलाई सोमबार हेटौँडामा पद तथा गोपनीयताको शपथ गराउनुहुँदै उहाँले राष्ट्रिय स्वाभिमान र स्वतन्त्रताका पक्षमा आफ्नो पार्टी अडिग रहने बताउनुभयो । "राष्ट्रको भौगोलिक अखण्डता, राष्ट्रिय स्वतन्त्रता र सामाजिक सद् भावलाई जोगाइराख्न राजनीतिक स्थिरता आवश्यक छ । त्यसका लागि सबै दल एक ठाउँमा उभिन जरुरी छ", वरिष्ठ उपाध्यक्ष पोखरेलले भन्नभयो, "एमाले सधैँ राष्ट्रिय स्वाभिमानका पक्षमा दृढतापूर्वक उभिरहेको छ । हामी राष्ट्रको भौगोलिक अखण्डताको रक्षा गर्न सधैँ दृढ रहने छौँ ।" उहाँले पार्टीका नेता, कार्यकर्ता तथा पार्टी निकट भ्रातृ सङ्गठन तथा शुभेच्छुक सबैलाई एकजुट भएर अगाडि बढ्न आग्रह गर्नुभयो । एमाले मकवानपुरको यही जेठ १८, १९ र २० गते हेटौँडामा १२ औँ अधिवेशन सम्पन्न भएको थियो ।रासस

# शास्त्रीय एवं परम्परागत नृत्यको संरक्षणका लागि मौलिक प्रस्तुति

काठमाण्डु । नेपाल सङ्गीत तथा नाटय प्रज्ञा-प्रतिष्ठानले शास्त्रीय एवं परम्परागत नृत्य संरक्षणका लागि मौलिक प्रस्तुति सुरु गरेको छ ।

सोमबार काठमाडौँमा आयोजित कार्यक्रममा प्रतिष्ठानले चर्या, कत्थक, महाभारतको चीरहरण, बङ्गलामुखी स्तुतिलगायत नृत्य प्रस्तुत गर्‍यो । सनम र सङ्गीता खड्गीले चर्या, नम्रता केसीले कत्थक, सौजन रघुवंशी र प्रमिला श्रेष्ठले महाभारतको चीरहरण एवं बङ्गलामुखी स्तुतिलगायत नृत्य प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले परम्परागत चित्र र मूर्ति जस्तै नृत्य पनि आनन्ददायक हुने भएकाले यसको संरक्षण गरिनुपर्ने बताउनुभयो । सङ्गीत र ललितकला प्रतिष्ठान मिलेर संयुक्तरुपमा यस्ता कार्यक्रम गर्न सकिने उहाँको भनाइ थियो ।सङ्गीत प्रतिष्ठानका उपकुलपति शम्भु राईले ओझेलमा परेका संस्कृतिलाई जनसमक्ष ल्याउन कार्यक्रम गरिएको बताउनुभयो । उहाँले नेपाली मौलिक संस्कृति लोप हुन थालेकामा सरोकार भएका निकायले संरक्षणमा ध्यान दिनुपर्ने बताउनुभयो ।रासस

# राष्ट्रिय समावेशी आयोगको कार्य परिणाममुखी बनाउन निर्देशन




काठमाण्डु । राष्ट्रिय समावेशी आयोगले अहिलेसम्म गरेका काम परिणाममुखी नभएकामा सांसदहरुले प्रश्न उठाउनुभएको छ ।

प्रतिनिधिसभा महिला तथा सामाजिक मामिला समितिको सोमबार बसेको बैठकमा 'नेपालमा सामाजिक समावेशीकरणको वर्तमान अवस्था र राष्ट्रिय समावेशी आयोगले खेलेको भूमिका' सम्बन्धमा गरिएको छलफलमा सांसद रोशन कार्कीले आयोगले अध्ययन कार्य गरिरहेको भनिएका विषयको प्रभाव र परिणाम के आयो ? भन्नेबारेमा समेत खुलाउनुपर्ने बताउनुभयो । उहाँले आयोगले तयार पारेको कार्यपत्रप्रति असन्तुष्टि व्यक्त गर्दै अब परिणाम चाहिन्छ भन्नुभयो ।

आयोगकी उपसचिव सुशीलाकुमारी पन्तले 'सामाजिक समावेशीकरण' विषयमा कार्यपत्र प्रस्तुत गर्दै समावेशी आयोगको उद्देश्य, मर्म र हालसम्मको कार्यसम्पादन विवरणबारे जानकारी दिनुभयो । कार्यपत्रमाथि टिप्पणी गर्दै सांसद आशा विकले सरकारले जुन उद्देश्यका साथ आयोग गठन गरेको त्यसअनुरुप कार्यसम्पादन हुन नसकेको बताउनुभयो । "समावेशी आयोगले उद्देश्यअनुरुप भूमिका खेलेको देखिँदैन", उहाँले भन्नुभयो, "बजेट अभाव, जनशक्तिको कमीलगायत समस्या छन्, यी विषयमा छलफल गरिनुपर्छ ।"

सांसद ईश्वरबहादुर रिजालले समावेशी आयोग समाजको सबैभन्दा पिँधमा परेका समुदायप्रति बढी जवाफदेही र कर्तव्यनिष्ठ हुनुपर्ने सुझाव दिनुभयो । समाजको बहिष्करणमा परेका दलित समुदायलाई आयोगले कसरी अन्तरघुलन गराउन सकिन्छ भन्ने विषयमा कार्ययोजना बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

यसैगरी सांसद सुशीला श्रीपाली ठकुरीले सडकमा रहेका बालबालिकाको विषयमा अध्ययन गर्न आयोगलाई सुझाव दिनुभयो । आयोगका अध्यक्ष विष्णुकुमारी ओझाले सांसदहरुले उठाएका जिज्ञासाको जवाफ दिँदै आयोगले सीमित बजेट तथा स्रोतसाधनमा थुप्रै जिम्मेवारी पूरा गर्नु परेको बताउनुभयो । समाजमा पछि परेका विभिन्न सुमदाय र वर्गको अवस्थामाथि अनुसन्धान भइरहेको उहाँले जानकारी दिनुभयो । "समावेशी आयोग समाजको पिँधमा पारिएका सबै समुदायको साझा थलो हो", उहाँले भन्नुभयो, "सरकारले आयोगका केही सुझाव कार्यान्वयन गरेको छ तर कतिपय सुझावको सुनुवाइ हुन बाँकी छ । ती सुझाव कार्यान्वयन भएमा कार्यसम्पादनमा समेत सकारात्मक प्रभाव पर्नेछ ।"समितिका सभापति किरणकुमार साहले आयोगलाई चुस्त र परिणाममुखी कार्यसम्पादनका लागि बैठकका तर्फबाट निर्देशन दिनुभएको थियो ।रासस

**श्री माध्यमिक विद्यालय खजुरी चन्हा**
**जनकनन्दिनी गाउँपालिका-४, धनुषा, नेपाल**
**शिक्षक आवश्यकता सम्बन्धी सूचना**

यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०२/२८ गतेको निर्णय अनुसार प्रा.वि. स्तरका लागि तपसिलका रिक्त पदहरुमा निम्न योग्यता पुगेका ईच्छुक नेपाली नागरिकता प्राप्त गरेका उम्मेदवारहरुका लागि १५ दिने विज्ञापन प्रकाशन गरिएको छ ।


तपसिल
१. **विज्ञापन नं.** :- ०१/०८०/०८१
२. **पद** :- प्रा.वि तृतीय श्रेणी
३. **किसिम** :- करार
४. **पद माँग संख्या** :- २ (दुई)
५. **न्यूनतम शैक्षिक योग्यता** :- I.ed. वा सो सरह
६. **उमेर** :- १८ वर्ष पुरा गरि ४० वर्ष ननाघेको
७. **अनुमति पत्र** :- अध्यापन अनुमति पत्र
८. **परीक्षा दस्तुर** :- १५००।- (पन्द्र सय)
९. **परीक्षाको किसिम**:- लिखित र अन्तरवार्ता
१०. **दरखास्त बुझाउने अन्तिम मिति** :- २०८१/०३/१० सम्म
११. **फारम बुझाने स्थान** :- सम्बन्धित विद्यालय
१२. **सम्पर्क नं.** :- ९८०४८८६७४७

प्रधानाध्यापक

आउनुहोस ! पुण्यको भागी बन्नुहोस !!
**शिव गंगा टुर्स एण्ड ट्राभल्सद्वारा संचालित**
यही मिति २०८१/०२/१९ गते शनिवारका दिन २×२ लक्जरी भिडियोकोच बस खुल्ने गइरहेको छ ।
**विशेष यात्रा**
थालेवाली माई, नैमिसारण, बनारस, काशी विश्वनाथ ज्योतीलिंग, विन्धयाचल माई, अष्ठभुजी दुर्गा माता, प्रयागराज संगम स्नान, चित्रकोट चारधाम, राम घाट, सतिअन्सुइया, गुप्त गोदावरी, मन्दाकनी, कामतगरी, तुल्सीदास घाट, गुप्तेश्वर गंगा, बागेश्वर बालाजी धाम, विन्दावन, गोकुल, मथुरा, गोबरधन, वरसाना, नन्दगाउँ, श्री शनि देव मन्दिर अयोध्याधाम, गोरखपुर, गोरखनाथ दर्शन पुजा गर्दै जनकपुरधाम सम्मको ९ दिनको यात्राको लागि प्रति व्यक्ति रु. ७,५००।- भारु (दुई छाक भोजन समेत) भाडा लाग्ने जानकारी गराईन्छ ।



**सम्पर्क**
**प्रो. पोषण प्रसाद साह**
जानकी चौक, जनकपुरधाम-१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४१३३१९५ (नेपाल)
मो. ८२७१०८६९९३ (भारत)




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# अक्षम्य अपराध

मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा कार्यरत एकजना वरिष्ठ उपसचिव बलात्कारको आरोपमा पक्राउ परेका छन् । कतिपयले उनी आत्मसमर्पण गरेको बताएका छन् । तर प्रहरीले पक्राउ नै गरेको जनाएको छ । बलात्कारको आरोप लागेका उपसचिव हाल प्रहरी हिरासतमा रहेका छन् । उनी माथि एकजना महिलाले डरधम्की देखाइ पटक पटक बलात्कार गरेको र त्यसबाट गर्भवती भएको आरोप लगाएकी छन् । पक्राउ परेका उपसचिव र महिलाका श्रीमान एउटै कार्यालयमा कार्यरत साथी थिए । महिलाका श्रीमान पनि उपसचिव हुन् । उनीहरु मधेश भवनको सरकारी आवास गृहको एउटै भवनमा बस्दै आएका थिए । दुवै जनाको कोठा फरक भए पनि भवन एउटै रहेकाले अभियुक्त उपसचिवले महिलाको श्रीमान घरमा नभएको मौकाछोपी पटक पटक बलात्कार गरेको पीडिताले प्रहरीमा दिएको जाहेरीमा उल्लेख छ । नियमित जस्तो बलात्कार गर्न थालेकाले गर्भ पनि रहन गएको उनले जाहेरीमा उल्लेख गरेकी छन् । घरमा श्रीमान नभएको एक दिन भगवानको प्रसाद भनी खानेकुरा दिएको र त्यो खाँदा आफू अचेत भएपछि बलात्कार गरिएको बताएकी छन् । उनले बलात्कार गरी अश्लील भिडियो र फोटोहरु खिँचेको आरोपसमेत पीडिताले लगाएकी छन् । त्यो भिडियो र फोटोहरु सार्वजनिक गरिदिने धम्की दिँदै पटक पटक बलात्कार गरेको र गर्भ बसेपछि फाल्न कर गरेको जाहेरीमा पीडिताले लेखेकी छन् । उनले असहय भएपछि श्रीमानलाई सबै घटना विवरण बताएपछि न्यायका लागि प्रहरीमा आएको जाहेरीमा उल्लेख गरेकी छन् । एउटै कार्यालय, एकै किसिमको पद र एउटै छतमुनी बस्ने आरोपीले गरेको अपराध अक्षम्य छ । एउटै कार्यालयमा कार्यरत रहेकाले साथी पनि रहेको र त्यसकै नजायज फाइदा उठाउँदै बलात्कार गर्नु मानवताको सबै सीमा नाघेका छन् । साथीलाई पूर्ण विश्वास गर्ने र हरेकको दुखसुखमा साथ रहने पवित्र सम्बन्ध मित्रता हो । जहाँ कुनै मुल्य भाउ, लेनदेन हुँदैन । दिनु मात्रै धर्म बुझ्िने मित्रतालाई आरोपी उपसचिवले कलंकित गरेको छ । सरकारी सेवामा उपसचिव पछि सहसचिव र सचिव नै हो । त्यसमा उनी वरिष्ठ उपसचिव हुन् । चाँडै सहसचिव हुने उनको योग्यता पुग्ने क्रममा थियो । त्यस्तो जिम्मेवार ओहदामा रहेका व्यक्तिले गरेको बलात्कार जस्तो जघन्य अपराधका लागि कानुनमा व्यवस्था भए बमोजिम हदै सम्मको कारबाही हुनुपर्छ । मिलापत्र गराउने, सामाजिक रुपमा लेनदेन गरी अपराध ढाकछोपको पनि प्रयास भइरहेको सुनिन्छ । प्रहरीले त्यता तिर जान हुँदैन । कानुन बमोजिमको हदै सम्मको कारबाही हुनै पर्छ ।

# जसपाने महाधिवेशनको निहुँमा



रोशन जनकपुरी

जनता समाजवादी पार्टी, नेपाल (जसपाने)को राष्ट्रिय महाधिवेशन जेठ २८ गते सोमवारदेखी जनकपुरमा शुरु भएको छ । तीनदिन सम्म चल्ने यस महाधिवेशनलाई पार्टी ब्यानरहरुमा एकताको राष्ट्रिय महाधिवेशन भनिएको छ । यसै बेला अशोक राई लगायतका वरिष्ठ नेता तथा बहुमत सांसदहरु अलग्गै जनता समाजवादी पार्टी (जसपा) गठन गरेर एमाले-माओवादी केन्द्र सहितको सत्ताधारी गठबन्धनको सरकारमा सामेल भएका छन् । अर्कोतिर सत्ताधारी पार्टीहरुले आफ्नो पार्टी फुटाइदिएको भनेर जसपाने अध्यक्ष उपेन्द्र यादव संघीय सरकारबाट बाहिरिएपछि उसले मधेश प्रदेशमा पनि सरकार गुमाउन पुगेको छ । मधेश प्रदेशमा जसपाने अध्यक्ष उपेन्द्र यादवको कट्टर प्रतिद्वन्द्वि मानिने सीके राउत नेतृत्वको जनमत पार्टीको अगुआइमा एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादीलगायतको सरकार गठन भएको छ । यसरी ताजा ताजा विभाजनको तीतो स्वाद भोगी रहेको बेला महाधिवेशनलाई एकताको राष्ट्रिय महाधिवेशन भनिरहनुले पार्टी नेता र कार्यकर्तालाई विचित्रको अनुभूति भइरहेको हुनुपर्छ ।

छ महिना पहिले गत पुस महिनामा जसपानेको केन्द्रिय समितिको बैठकमा राष्ट्रिय महाधिवेशन गर्ने र यसलाई एकताको महाधिवेशन भन्ने निर्णय गर्नुको पछाडी ०७७सालमा संघीय समाजवादी र राष्ट्रिय जनता पार्टी (राजपा) मिलेर जसपानेपाल गठनलाई आधार मानिएको थियो । अशोक राई संघीय समाजवादीका नेता थिए भने महन्थ ठाकुर र राजेन्द्र महतो लगायत राष्ट्रिय जनता पार्टीका नेताहरु थिए । तर यतिबेला अशोक राई 'जसपा' लिएर अलग्गिइसकेका छन्, भने 'राजपा', राई फुट्नुभन्दा पहिले नै अलग्गिएर कयौँ टुक्रामा विभाजित भैसकेको छ । महन्थ ठाकुरको गुट लोकतान्त्रिक समाजवादी पार्टीमा परिणत भैसकेको छ भने राजेन्द्र महतोको गुट राष्ट्रिय मुक्ति क्रान्तिको नयाँ अभियानमा छ । राजपाको छ वटा घटक मध्येको एउटाको नेता राजकिशोर यादव भने अहिले उपेन्द्र यादवसंग जसपानेमा छन् । मधेश आन्दोलनको दृष्टिले हेर्दा लाग्छ मधेशकेन्द्रित पार्टीहरुमा अहिले फूटको मौसम चलिरहेको छ ।

राजनीतिक पार्टीहरुको जीवनमा महाधिवेशन सर्वाधिक महत्वको परिघटना हुने गर्छ । महाधिवेशनले पार्टीको केन्द्रिय नेतृत्वको चयन मात्र गर्दैन, यसले पार्टीको वैचारिक राजनीतिक दिशा, सांगठनिक ढाँचा र कार्यक्रमको अनुमोदन वा आवश्यपरे यसमा परिमार्जन, परिवर्तन आदि गर्न सक्छ । यसको निम्ति महाधिवेशनमा वैचारिक, राजनीतिक, सांगठनिक, साँस्कृतिक र आर्थिक लगायत विविध प्रतिवेदनहरु पेश गर्ने गरिन्छ । यी प्रतिवेदनहरु पार्टीको विगतको अनुभव, वर्तमानमा गरिरहेको अभ्यासको समीक्षा र यसै आधारमा भविष्यको निम्ति बहुआयामिक दिशा निर्देश गरिएको हुन्छ । महाधिवेशनमा गरिएका निर्णय र निर्देशहरु बाध्यकारी मानिन्छ । विशेष परिस्थितिमा राष्ट्रिय सम्मेलनबाट नेतृत्व फेरिएपनि पार्टीको राजनीति, विचार र सांगठनिक ढाँचा बारे परिमार्जन वा परिवर्तन गर्न महाधिवेशन नै आवश्यक पर्छ । यस्तोमा विशेष महाधिवेशन बोलाईने गरिन्छ वा विशिष्ट परिस्थितिमा महाधिवेशनप्रति जवाफदेही हुने गरि राष्ट्रिय सम्मेलन वा केन्द्रिय समितिले आवश्यक परिवर्तन वा परिमार्जन गर्ने गर्छ ।महाधिवेशनमा पार्टी कमिटि र यस्का विविध निकायहरुको तल्लो कमिटीबाट नै अनुमोदित भएर आएका प्रतिनिधिहरु सहभागी हुने गरेको हुनाले यसलाई पार्टीको सबैभन्दा शक्तिशाली संस्था मानिन्छ, जस्ले पार्टी जीवनमा जुनसुकै निर्णय गर्नसक्छ । त्यसैले कुनैपनि पार्टीको राजनीतिक वैचारिक चरित्र उसको महाधिवेशनका दस्तावेजहरुबाट बुझ्न सकिन्छ ।

महाधिवेशन बारे यो धारणा जनवादी केन्द्रियता सजीव भएको पार्टीमा मात्र सार्थक हुने गर्छ । जनवादी केन्द्रियता अर्थात निर्णय गर्ने बेला प्रक्रियामा सहभागी सबैलाई पूर्ण जनवाद (अर्थात सहमति र असहमतिको स्वतन्त्रता) र निर्णय भै सकेपछि सबैले स्वीकार्ने र लागू गर्नु पर्ने केन्द्रियता । यस्को अभावमा पार्टी कुनै डिबेटिङ्ग क्लब जस्तो आफूखुशी जे मन लाग्यो गर्ने अराजक संगठन जस्तो हुने गर्छ । यसरी नै पार्टी भित्र आन्तरिक जनवाद कमजोर भएपछि पार्टी कुनै शक्तिशाली नेताको जायदाद जस्तो, जस्मा सर्वोच्च नेता राजा, पार्टी पदाधिकारी र केन्द्रिय सदस्यहरु मन्त्री र भारदार तथा तल्ला कमिटीका नेता र कार्यकर्ताहरु कारिन्दा र प्रजा जस्ता हुन जान्छन् ।यस्तो अवस्थामा पार्टीको आवश्यकता वा अनिवार्यताभन्दापनि पार्टी नेताको चाहनामा बोलाइएका वा आयोजित गरिएका महाधिवेशन वा राष्ट्रिय सम्मेलनहरुले नेताको निम्ति अनुकूलता थप्ने गर्छन् र शक्तिशाली बनाउने गर्छन् ।




सैद्धान्तिकरुपमा विचार गर्दा महाधिवेशनमा नेतृत्व भन्दापनि विचार र राजनीतिमा बढी विवाद हुने गर्छ । यसै कारण कुनै दुई पार्टीको एकताको अनुमोदन होस वा वैचारिक राजनीतिक अन्तर्विरोधी विवादमा अनिर्णयको स्थितिमा फुट्नु पर्ने स्थिति होस, यो दुबैको थलो बन्ने गर्छ । तर वैचारिकताको अभाव भएको पार्टीमा एकता वा फूट दुबैको कारण नेतृत्व वा नेतृत्व समूहको निजी स्वार्थमा निर्भर रहन्छ । एकता वा फूट दुबै विचारभन्दापनि बहुमतको निरपेक्ष नम्बरको विषय मात्र बन्छ । यस्ले राजनीतिक पार्टीभित्र एकैसाथ तानासाही र अवसरवाद दुबै प्रवृत्तिलाई प्रोत्साहित गर्छ । चमत्कारी एकल नेतृत्व र उसका गुनगान गर्ने नेता र कार्यकर्ताहरुको जमातको वर्चस्व हुने यस्ता पार्टीहरुको मूख्य आधार अवसरवादी प्रवृत्ति हुने गर्छ । प्रायः चुनावी राजनीतिमा देखिने यस्ता पार्टीहरुले पनि जनता र लोकतन्त्रको वकालत नै गर्छन्, तर यस्ता पार्टीहरुमा गुट, फूट र एकता तथा सबै राजनीतिक सम्बन्धहरु वैयक्तिक र गैर राजनीतिक हुने गर्छ ।

वर्तमानमा देखिने प्रायः सबै पार्टीहरु राजनीतिक विचार भन्दापनि चमत्कारिक नेतृत्वको बलमा चलि रहेका पार्टीहरु हुन्, जस्मा राजनीतिक विचारको व्याख्या स्वीकृत सैद्धान्तिक आधार भन्दापनि नेतृत्वको आफूखुशी व्याख्यामा हुने गर्छ । वर्तमानमा राजनीतिक पार्टीहरुको सफलता राजनीतिक इमान्दार जनप्रतिबद्धता र जनवादी अभ्यासभन्दा बढी प्रबन्धकीय भएको छ । नेतृत्व जतिसुकै काम नलाग्ने र जनविरोधी भएपनि चतुर प्रचारक टीमले जनतामा जाति, क्षेत्र, धर्म र सम्प्रदायको नाममा भावनात्मक उत्तेजना सृजना गरेर नेतालाई सहृदयी, कुशल र आफ्नो जमातको भनेर जनतालाई भ्रमित पार्छ ।

जसपानेको चुनावी घोषणापत्र र अन्य दस्तावेजमा लेखिए बमोजिम यस पार्टीले आफूलाई राजनीतिकरुपमा लोकतान्त्रिक समाजवादी र चरित्रगत आधारमा अस्मिता र पहिचानवादको आधारमा देशव्यापी (राष्ट्रिय) पार्टीको रुपमा स्थापित गर्न प्रयत्नशील छ । भन्नु परेन अन्य पार्टीमा चामत्कारिक नेता भए झैं जसपानेमा पनि एकल सुप्रिमो नेतृत्व छ – उपेन्द्र यादव । गणतन्त्र आएपछि मधेशी राजनीतिमा अनेक उतार-चढाव पार गरेर र जसरी भएपनि आफूलाई हरेक चुनौतीमा स्थापित गर्दै आएका नेता यादव मधेश आन्दोलनमा सबैभन्दा अग्ला व्यक्तित्व मानिन्छन् । यस्को एउटा मात्र कारण के हो भने गणतन्त्रपछि राज्य पुनर्संरचनामा सम्विधानमा संघीय स्वरुप मूर्त हुनुपर्छ भनेर भएको पहिलो मधेश आन्दोलनको नेतृत्व गर्ने मधेशी जनअधिकार फोरमको नेतृत्वको उनले गरेका थिए । त्यसपछिका मधेश आन्दोलनमा तमलोपा लगायत अन्य मधेश केन्द्रित दलहरुको प्रमुख सक्रियता देखिएपनि शीर्ष नेतृत्वमा यादव नै रहे । यादवले शुरुमा गठन गरेको मधेशी जनअधिकार फोरम नै अनेक घुम्ती काट्दैर अनेक पार्टीहरुसंग एकता र विभाजन गर्दै हाल जसपानेको स्थितिमा आएको देखिन्छ ।

वर्गीय संघर्षमा जातिय र क्षेत्रीय उत्पीडनलाई समायोजन गरेर नयाँ जनवादी र समाजवादी राज्यको लक्ष्य माओवादी जनयुद्धकारीहरुको थियो । उत्पीडित जातिय र क्षेत्रीय समुदायलाई आत्मनिर्णय र स्वशासन जस्ता राजनीतिक अधिकार तथा यस्को निम्ति विविधखाले संघर्षको विषय वृहत्तस्तरमा उठान गर्ने श्रेय माओवादी जनयुद्धलाई जान्छ । तर माओवादी जनयुद्धको अधुरो विघटनपनि यी विषयहरु अस्मिता र पहिचानको संकीर्ण राजनीतिमा परिणत भएर संघर्ष भन्दापनि क्षेत्रीय पार्टीहरुको चुनावी हतियारमा परिणत भएको छ ।

जातिय र क्षेत्रीय एजेन्डामा आधारित राजनीति शुरुमा मधेश केन्द्रित पार्टीहरुमा मात्र देखिएको थियो । तर समयसँगै यो आदिवासी जनजातिको राजनीतिको रुपमा पहाड र हिमालमा समेत प्रभावशाली हुँदै गएको छ । यस्तोमा मधेशकेन्द्रित पार्टीहरुले आफूलाई वृहत्तरस्तरमा विस्तार गराउने दिशामा मधेशी राजनीतिक पहिचानलाई अनुभव गरिरहेको जस्तो देखिन्छ । ०६३देखि ०७०को दशकमा तराई मधेशमा मधेश आन्दोलनको तीव्रताको कारण त्यतिबेला मधेश नामधारी क्षेत्रीय पार्टीहरु धमाधम खुली रहेका थिए । वर्तमानमा चुनावी जनाधार र राजनीतिक सक्रियता र पहिचान मधेशी नेताकै रहेपनि अहिले मधेश नामधारी एउटापनि पार्टी देखिँदैन । मधेशकेन्द्रित राजनीति गर्ने हरेक पार्टी कुनै न कुनै राजनीतिक विचार प्रवृत्ति गढेर आफूलाई राष्ट्रिय राजनीतिमा प्रक्षेपण गर्न चाहेको देखिन्छ । अब प्रायः सबै मधेश केन्द्रित पार्टीहरुमा नेतृत्व समावेशी देखिन थालेका छन् । अन्य राष्ट्रिय पार्टी जस्तो अब उपेन्द्र यादव, महन्थ ठाकुर, राजेन्द्र महतो र सीके राउतका पार्टीहरु पनि समावेशी नेतृत्व देखाउन प्रयत्नशील देखिन्छ । (देशमा भावनात्मक एकताको निम्ति यो राम्रो पनि हो । तर समस्या के छ भने यी सबै उठापटक जनताको निम्ति उठाएको एजेन्डा पूरा गर्नुभन्दा भिन्न चुनावी सफलता र सत्तामा हिस्सेदारीको उद्देश्यले भइरहेको छ । यद्यपि पार्टीको प्रचारतन्त्रले जनतामा अझै मधेशी उत्तेजना जगाएर नै राखिरहेको छ ।) यसले मधेश आन्दोलन र तराई मधेशको राजनीतिमा एउटा व्यापक स्पेस सृजना गर्‍यो । यस स्पेसमा शुरुदेखी मधेश आन्दोलनमा लागेहरु त थिए नै, केन्द्रिय राजनीतिमा नेपाली काँग्रेस, एमाले र माओवादीमा आफ्नो भविष्य नदेख्नेहरु र असफल हुनेहरु समेत यस्मा सामिल हुन आए । मधेश आन्दोलनको ताप घट्दै गएपछि र यस्मापनि भविष्य नदेख्ने कयौं नेताहरु पुरानैपार्टीमा फर्केकोपनि उदाहरण छ । नेका, एमाले र माओवादीका मधेशइतर आदिवासी जनजाति पृष्टभूमि र मनोविज्ञान भएका अशोक राई जस्ता नेताहरुको आगमनपछि नै मधेशी राजनीतिले राष्ट्रिय राजनीतिमा फडको मार्ने अवसर सृजना भएको हो । यसै स्पेसलाई दृष्टिगत गरेर अहिले यादव, ठाकुर, महतो, राउत जस्ता मधेशी पृष्ठभूमिका नेताहरु आफूलाई समाजवादी, नौलो गणतन्त्रवादी (पूँजीवाद समर्थक) र बहुराष्ट्रीय राज्य र समावेशी लोकतन्त्रको वकालत गरिरहेका छन् र मधेशी राजनीतिबाट आफूलाई वृहत्तर पटलमा विस्तारित गर्न खोज्दैछन् । तर समस्या के छ भने राजनीतिक अस्थिरता र सत्ता स्वार्थको कारण गठँजोड र विच्छेदको राजनीतिको कारण जुनखाले गैरराजनीतिक जमात यी पार्टीहरुमा बढदै छ, त्यसले समग्र राजनीतिलाई अवसरवादी बजारमा परिणत गरिदिएको छ ।

यस्तै यस्तै राजनीतिक गञ्जागोल बीच जसपानेको महाधिवेशन हुँदैछ । निश्चय नै अशोक राई र नवलकिशोर लगायतको फूटपनि वैचारिक होइन, यो व्यक्तित्वको टकराव हो । निश्चय नै यस फूटको एउटा हिस्सा अध्यक्ष यादवको महत्वकांक्षा र केन्द्रिय राजनीतिका प्रमुख पार्टीहरुसंगको टकरावपनि हो । जसपानेको फूटलाई मान्यता दिने विषयमा सर्वोच्च अदालतले यथास्थिति कायम राखिदिएकोले यस्का परिणामहरु तत्काल देखिएका छैनन् । फुटेर जानेको भविष्य के हुन्छ, यस्को निम्ति अदालतको फैसलासम्म कुर्नु पर्ने नै हुन्छ । यस्तोमा जसपानेको यो 'एकताको राष्ट्रिय महाधिवेशन' यादवको निम्ति फुटपछिपनि आफू शक्तिशाली नै रहेको देखाउने अवसर जस्तोपनि भएको छ । अझ उदघाटन सत्रमा देश बाहिरबाट बोलाइएका अतिथिहरु तथा देशभित्रका प्रमुख राजनीतिक दलका नेताहरुको उपस्थितिले जसपाने महाधिवेशनको भव्यता बढेको नै छ ।

तर यी सारा तामझामको बीच पार्टी राजनीतिको जनवादी चरित्र र इमान्दारिता परिक्षणीय नै छ । यद्यपि महाधिवेशनमा देशभरीबाट प्रतिनिधि आउने छ, अरु केहीन भएपनि प्रश्न त उठ्ने नै छ । पार्टी नेताहरुले जवाफ कसरी दिन्छन्, त्यो भने रोचक उत्सुकताको विषय हुनेछ । हेर्दै जाउँ !

# शैलजा दिदीको सम्झनामा



डा शोभाकर पराजुली

'जुन जाति तानाशाहका विरुद्ध लडेर आफ्नो मौलिक अधिकार लिन सक्दैन, ऊ कहिल्यै स्वतन्त्र रहन सक्दैन' क्रान्तिको यो सन्देशात्मक आह्वान शैलजा आचार्यको थियो । झन्डै ६५ वर्षअघि यो समाजमा एक महिलाको चित्र कस्तो थियो होला ? त्यो पनि आफूलाई 'सर्वशक्तिमान' ठानेका राजा महेन्द्रलाई 'कालो' झन्डा देखाउने महिला ।

आजको पुस्तालाई त्यो बिम्ब मात्रै एउटा आदिम 'स्केच' लाग्नसक्छ । तर त्यो समाजमा शैलजा जस्ता धेरै क्रान्तिकारी महिला पनि थिए, जसले नेपालको प्रजातान्त्रिक आन्दोलनका लागि आफूलाई जीवनभरि समर्पण गरे । नेपालको प्रजातान्त्रिक आन्दोलन अनि राजनीतिको यो पातालबाट शैजला 'दिदी' बिदा भएको पनि लगभग १४ वर्ष भइसकेको छ । उहाँ आफूले बाँचेको सबै जीवन भने यही पुस्ताको प्रजातान्त्रिक अधिकारको लडाइँमा बिताउनुभयो ।

नेपालमा परिवर्तनका लागि भएका हरेक लडाइँमा धेरै त्यस्ता योद्धाहरूको जन्म भयो, जसको समर्पण अनि त्याग र बलिदानको परिणाम हामी आजको जीवन बाँचिरहेका छौँ । ती धरोहरमध्येमा पनि शैलजा अझ अग्लो र नेपाली राजनीतिको एउटा सग्लो सजीव चित्र हुनुहुन्छ । उहाँले आफ्नो जिन्दगीभन्दा धेरै प्रजातन्त्रका लागि सङ्घर्षमा आफूलाई समाहित गर्नुभयो ।

स्व बिपी र गिरिजाप्रसाद कोइरालाका पिता कृष्णप्रसाद कोइरालाले दुईवटा विवाह गर्नुभएको थियो । २००७ सालको क्रान्तिपछि प्रजातान्त्रिक सरकारका पहिलो प्रधानमन्त्री मातृकाप्रसाद कोइराला कृष्णप्रसादका दुईमध्ये जेठी पत्नी मोहनकुमारीको कोखमा जन्मिनुभएको थियो । २००१ वैशाख १६ गते मोहनकुमारीकै यही कोखमा जन्मिएकी इन्दिराकी छोरी हुन्हुन्छ शैलजा आचार्य । बिपी, तारिणी, केशव अनि गिरिजाप्रसाद कोइरालाहरू भने कृष्णप्रसादकी दोस्री श्रीमती दिब्या कोइरालाको कोखमा जन्मिनुभएको थियो ।

पूर्वी नेपालको यो परिवारकी एक हिस्सा भएका कारण शैलजाको कलिला उमेर राजनीतिको त्यही बगैँचामा हुर्कियो । बिपीसँग पारिवारिक साइनो (मामा-भाञ्जी) ले शैलजाको राजनीतिक जीवन अझ फक्रियो । र त जीवनभरि उहाँले बिपीको साथ छोडनु भएन । शिक्षादीक्षासँगै आएका राजनीतिक आरोह-अवरोहका कारण शैलजाको जीवन वैवाहिक मोडतिर गएन । बरु सधैँ नेपालमा प्रजातन्त्र स्थापनार्थ उहाँले आफूलाई दौडाइरहनुभयो एउटा अथक योद्धा बनेर ।

विसं २०१७ पुस १ गते राजा महेन्द्रले प्रजातन्त्र खोसे । राणासँग जनताले गरेर फर्काएको प्रजातन्त्रलाई उहाँले १० वर्ष पनि राम्रोसँग बाँच्न दिएनन् । राणासँग लडेकाहरू फेरि राजाविरुद्ध लड्नुपर्ने अवस्था आयो । दिन महिनाहरू बित्दै थिए । तत्कालीन क्रान्तिका अगुवा बिपी कोइरालाहरूले राजाको त्यो कदमविरुद्ध कसरी लड्ने भनेर लडाईंका कुनै रुपरेखाहरू कोरिसक्नु भएको थिएन । तर भित्रभित्रै राजाविरुद्ध जनमत भयङ्कर भइसकेको थियो । त्यही वर्षको फागुन ७ गते राजा महेन्द्र टुँडिखेलमा आउने कार्यक्रम थियो । राजा हेर्न धेरै मान्छे जम्मा भइसकेका थिए । सैनिक हेलिकोप्टरले फूलको वर्षा गरिरहेको थियो ।

एउटा कुनामा कालो सल ओढेका युवतीहरूको एउटा हूल थियो । सबैले उनीहरूलाई 'कन्या स्कूलका केटीहरू' भन्ने ठानेका थिए । तर जब राजा देखिए त्यो 'कन्या समूह'ले आफ्नो रुप देखाइहाल्यो । 'बिपीलाई जेलमुक्त गर' भन्दै राजालाई ती काला सलहरू देखाएर नारा लगाउनेहरूको सबैभन्दा अघि हुनुहुन्थ्यो, शैलजा आचार्य । त्यसमा अरू पनि नेताहरू मिसिएर 'प्रजातन्त्र र बिपी जिन्दावाद' भन्दै नारा लगाए । केहीबेरमै प्रहरीले उहाँलाई भ्यानमा कोच्यो । १६ वर्षकी शैलजा त्यसपछि तीन वर्ष जेलमै बस्नुपर्‍यो । पुस १ गते प्रजातन्त्र खोसेर महेन्द्रले बिपीहरूलाई पनि जेल हालेका थिए ।

त्यसपछि लामो समयसम्म उनी बिपीहरूसँगै भारतमा निर्वासित जीवन बिताउनुपर्‍यो । पढाइलेखाइ त छँदैथियो । त्यसका अलावा उहाँले बिपीको सानिध्यमै रहेर नेपालमा चलिरहेको पञ्चायतविरुद्धको आन्दोलनमा पनि जोडिइरनुभयो । पञ्चायतसँग लड्न नेपाली कांग्रेसले थालेको सशस्त्र क्रान्तिका लागि उहाँले भारतमै बसेर हातहतियारको जोहो पनि गर्नुभयो । त्यो बेला शैलजा नेपाली कांग्रेसको युथ लिगको अध्यक्ष पनि भइसक्नुभएको थियो । युवाहरूलाई सङ्गठित गरेर क्रान्तिमा होमिनका लागि २०२४ सालमा नेपाली कांग्रेसले बनाएको युथ लिगको उहाँ संस्थापक हुनुहुन्छ । जसले पञ्चायत विरोधी आन्दोलनलाई अझ उचाइमा पुर्‍याएको थियो ।

बिपी मात्रै नभएर सिङ्गो कोइराला पनि परिवार शैलजाको राजनीतिक विश्वविद्यालय नै थियो । आफूलाई नृत्यङ्गना बनाउने सपना देख्नुभएकी शैलजा एक योद्धा बनेर आफूलाई खारिरहनुभएको थियो । यो एउटा त्यस्तो विश्वविद्यालय बन्यो, जहाँ शैलजाहरूले आफ्ना निजी सपना र जिन्दगीका लक्ष्यहरूलाई मात्रै प्रजातन्त्रको लडाइँमा केन्द्रित गरे र जीवनभरि आफ्नो निजी जिन्दगी बाँच्नै सकेनन् । जति बाँचे ती सब समय देशको प्रजातन्त्र अनि जनताको समृद्धिका लागि सुम्पिदिए ।

विसं २०३३ मा 'मेलमिलाप'को नीति लिएर भारतबाट फर्किने बेला बिपीसँग शैलजा पनि साथै हुनुहुन्थ्यो । नेपाल आउनासाथ उहाँहरू फेरि गिरफ्तारीमा पर्नुभयो । पञ्चायतको त्यो अन्तिम दशकसम्म आइपुग्दा प्रजातन्त्रको लडाइँमा बिपी र शैलजाहरू मात्रै थिइनन्, बरु उनीहरूजस्ता धेरै योद्धाहरू जन्मिसकेका थिए । २०४६ सालको अन्तिम क्रान्ति त्यसकै परिणाम थियो । जहाँबाट नेपालमा फेरि प्रजातन्त्र उदायो ।

प्रजातन्त्रको त्यो दियोलाई त्यसपछिको कलुषित राजनीतिले भने चाँडै नै धिपधिपे बनाइदियो । प्रजातन्त्र बलियो हुन त्यसमा नागरिकको सन्तुष्टिको भाव पनि मिसिएको हुनुपर्छ । सत्तामा पुगेकाहरूले आफूलाई 'शासक' मात्रै ठान्ने हो भने प्रजातन्त्रको त्यो दियो त्यत्तिकै निभ्न थाल्छ । त्यसका प्रकाशहरू राजनीतिको त्यही अँध्यारो विलीन हुन्छ ।

विसं २०४८ मा गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बन्नुभयो । त्यो मन्त्रिपरिषद्मा शैलजा कृषिमन्त्री हुनुभएको थियो । कृषिप्रधान देश भनिए पनि नेपाली किसानले खेतबारी जोत्ने र उब्जनीका लागि जहिल्यै सङ्घर्ष गर्नुपर्‍यो । त्यो बेला पनि किसानका खेतबारीमा मल पुर्‍याउन उत्तिकै सकस थियो अहिले पनि त्यस्तै छ ।

उहाँ चाहनुहुन्थ्यो किसानले समयमै मल बीउ पाउन् । साउन लागिसक्दासम्म पनि रोपाइँ गर्ने किसानको खेतमा मल पुगेको थिएन । भनौँ न नेपालमै मल थिएन । सरकारका गोदाम रित्ता थिए तर मल ल्याउने संयन्त्र सुस्त थियो । शैलजा चाँडै मल भित्रियोस् भन्ने चाहनुहुन्थ्यो । तर सिंहदरबारमा बेरिएको कर्मचारीतन्त्रको जालोमा उहाँ यसरी बेरिनुभयो कि मल ल्याउने संयन्त्रसँग पुग्दा झन् अर्को भयङ्कर जालो देख्नुभयो । त्यो भनेको कमिसनको जालो थियो । कर्मचारीदेखि व्यापारीसम्ममै फैलिएको त्यही कमिसनको जालो थियो, जसले किसानका खेतबारीमा समयमै मल पुर्‍याउन रोकिरहेको थियो । नेपालमा रासायनिक मल अहिले पनि तेस्रो मुलुकबाट आउँछ ।

विसं २०४९ साउन ६ गते बसेको प्रतिनिधिसभाको बैठकमा कृषिमन्त्री शैलजाले भन्नुभएको थियो, "कृषि मन्त्रालयमा कमिसनखोरहरूको जालो छ ।" उहाँ चाहनुहुन्थ्यो कि यो विषयमा संसद्ले सरकारलाई आदेश गरोस् अनि मन्त्रालयमा किसानको हकअधिकार रोकिराखेको त्यो जालो तोड्न छानबिन होस् । कतिपय सत्यले आफैँलाई पोल्दारैछन्, शैलजाले त्यही भोग्नुभयो । छानिबिन हुनु त परैको कुरा उल्टो उहाँकै आलोचना हुन थाल्यो । गिरिजाप्रसाद कोइराला आफैँ प्रधानमन्त्री हुनुहुन्थ्यो र पार्टी सभापति पनि । तर पार्टीभित्र र बाहिर अनि सरकारमै समेत शैलजाको खुब आलोचना भयो । प्रतिपक्षले संसद्मा एउटा अर्को मसला पायो ।

खासमा भ्रष्टाचार रोक्नका लागि उहाँले त्यसो भन्नुभएको थियो । अझ अर्को हृदयदेखि नै शैलजा चाहनुहन्थ्यो कि कोइरालाको विरासतले नेतृत्व गरेको सरकारमाथि भ्रष्टाचारको दाग नलागोस् । एउटा अग्लो, सग्लो अनि सङ्लो राजनीतिको इतिहास बनाएको पार्टीमाथि उहाँले त्यस्तो धब्बा कदापि लाग्न दिनुभएन । तर आफ्नैहरूको ब्यूहमा शैलजा पर्नुभयो । तथापि, उहाँले त्यो अभिव्यक्ति फिर्ता लिनुभएन । 'भ्रष्टाचारी'हरूसँग झुक्नुभएन । बरु उहाँले मन्त्री पदबाटै राजीनामा दिनुभयो । आफैँले सम्हालेको मन्त्रालयमा फैलिएको भ्रष्टाचारको जालो हटाउन खोज्दा एउटा इमान्दार मन्त्रीले राजीनामा दिनुपर्‍यो । नेपालको इतिहासमा यस्ता विरलै घटना छन् ।

राजनीतिक जीवनको यो घटनाबाट अलकति विक्षिप्त भएकी शैलजालाई २०५५ सालमा फेरि अर्को मौका जुर्‍यो । यसपालि उहाँ जलस्रोतमन्त्री मात्रै होइन, सरकारको 'उपप्रधानमन्त्री' पनि बन्नुभयो । नेपालको राजनीतिक इतिहासमा एउटी महिला उपप्रधानमन्त्री बनेको यो पहिलो थियो । यो एउटा त्यस्तो समय थियो जतिबेला नेपालका आम महिलाहरूमा राजनीतिक चेतनाको कमी थियो । अझ विश्वका कतिपय त्यस्ता देशहरू थिए, जहाँ महिलालाई मतदातको अधिकार नै थिएन । अहिले पनि त्यस्ता देशहरू थुप्रै छन्, जहाँ भर्खरमात्रै महिलाको मताधिकार अर्थात् राजनीतिक अधिकारको बारेमा बहसहरू हुन थालेका छन् र महिला जाग्न थालेका छन् । यो कार्यकालमा नेपालको जलस्रोतको उपयोग र प्रयोगका बारेमा थुप्रै नयाँ प्रयास थालिए । धेरै जलविद्युत् आयोजनाको सुरुआत शैलजाकै मन्त्रीत्वकालमा भएको थियो ।

शैलजा दिदीले बाँचेको त्यो समय प्रजातन्त्र अनि निरङ्कुशतन्त्रबीचको लडाइँमा गुज्रिएको समय थियो । खोसिएको अधिकारका लागि जनतालाई जगाउने अनि अधिकारका लागि लड्ने समय थियो । साँच्चिकै भन्नुपर्दा प्रजातन्त्रको लडाइँ चर्किएको त्यो युग शैलजा जस्ता क्रान्तिकारी योद्धाहरूले बाँचेको युग थियो । जति बाँच्नुभयो शैलजा दिदी देश र प्रजातन्त्रका लागि खातिर बाँच्नुभयो, आफ्नो निजी जीवन छोडेर बाँच्नुभयो । आम नागरिकको समृद्धिको सपना साँचेर बस्नुभयो, आफ्ना सपनाहरू भुलेर बाँच्नुभयो ।

आफ्नैबाट चिथोरिएकी अनि निचोरिनुभएकी शैलजाले राजनीतिक यात्रामा त्यस्ता धेरै मोडमा आफूलाई धेरै सम्हालेर हिँड्नुभएको थियो । जीवनको उत्तरार्द्धमा राजनीतिबाट अलि टाढा हुनुभयो उहाँ । तथापि उहाँको राजनीतिक योगदानलाई नेपाली राजनीति कहिल्यै भुल्न सक्दैन । भुल्न पनि मिल्दैन । अन्तिम अवस्थामा रोगव्याधिसँग पनि लडिरहेकी शैलजा दिदीको २०६६ जेठ २९ गते निधन भयो । शैलजा दिदीको त्यो अग्लो राजनीतिक कदलाई हामीले कहिल्यै होचिन नदिऔँ । हार्दिक श्रद्धासुमन । (लेखक राजनीतिक विश्लेषक हुनुहुन्छ)रासस

# सवारी दुर्घटना न्यूनीकरणलाई सरकारले उच्च प्राथमिकतामा राखेको छः उपप्रधानमन्त्री महासेठ

काठमाण्डु । बर्सेनि बढ्दो सवारी साधन दुर्घटनाका कारण हुने जनधनको क्षति न्यूनीकरण गर्न निरोधात्मक उपायको खोजी गर्ने उद्देश्यका साथ राष्ट्रियसभाको सोमबारको बैठकमा जरुरी सार्वजनिक महत्वको प्रस्तावमाथि छलफल भएको छ ।राष्ट्रियसभाका सदस्य सोनामा गेल्जेन शेर्पा प्रस्तावक र जगप्रसाद शर्मा, कृष्णबहादुर रोकाया, भगवती न्यौपाने, मदनकुमारी शाह (गरिमा) र शेखरकुमार सिंह समर्थक रहनुभएको सो प्रस्तावमाथि छलफल भएको हो ।

छलफलमा सहभागी हुँदै सदस्य श्रीकृष्णप्रसाद अधिकारीले सवारी दुर्घटनाका कारण मानव र भौतिक क्षतिको मात्रामा बढोत्तरी भएकाले त्यसलाई नियन्त्रण गर्न सडक सुधार गर्नुपर्ने, ट्राफिक नियम पालनामा कडाइ गर्नुपर्ने, सवारी साधनलाई तन्दुरुस्त राख्नेलगायतका विषयलाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो ।

सांसद पदमबहादुर परियारले सडक दुर्घटनाका कारण अकालमा ज्यान गुमाउने नागरिकको परिवारमा ठूलो मानसिक आघात हुने, अपाङ्गता हुने क्रममा वृद्धि भएको उल्लेख गर्नुभयो ।

सांसद इन्दिरादेवी गौतमले सडक सञ्जालभन्दा बढी सवारीसाधन उपलब्ध भएको र दुर्घटनाका घटनामा बढोत्तरी भएकाले कानुन कार्यान्वयनमा विशेष जोड दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

सांसद जयन्तीदेवी राईले औसत दैनिक आठ जनाका दरले सवारी दुर्घटनामा ज्यान जाने गरेको तथ्याङ्क पेस गर्दै विद्यमान



कानुनको प्रभावकारी कार्यान्वयन नभएको, सवारी परीक्षणमा ध्यान नदिइएको तथा सक्षम चालकको अभावका कारण समस्या जटिल भएको बताउनुभयो ।उपप्रधानमन्त्री

> सांसद पदमबहादुर परियारले सडक दुर्घटनाका कारण अकालमा ज्यान गुमाउने नागरिकको परिवारमा ठूलो मानसिक आघात हुने, अपांगता हुने क्रममा वृद्धि भएको उल्लेख गर्नुभयो ।

एवं भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री रघुवीर महासेठले सवारी दुर्घटना न्यूनीकरणका लागि कानुनी, संरचनागत सुधार गर्दै त्यसको व्यावहारिक कार्यान्वयन गर्ने बताउनुभयो ।

उहाँले सडक सुरक्षाका लागि काम गर्ने निकायका रुपमा 'रोड सेफ्टी काउन्सिल'ले आवश्यक काम गर्ने उल्लेख गर्नुभयो । सडक तथा सवारीसँग जोडिएका हरेक विषयलाई केन्द्रित गरेर आवश्यक कानुनी प्रबन्ध गर्न लागिएको उहाँले जानकारी दिनुभयो । हचुवाका भरमा सडक पूर्वाधार निर्माण गर्ने, सुरक्षाको कुनै पनि उपाय अवलम्बन नगर्ने प्रवृत्ति मौलाएकाले त्यसलाई नियन्त्रण गर्न कठिनाइ भएको बताउनुभयो ।

सवारी दुर्घटना न्यूनीकरणका लागि सरोकार भएका निकायलाई जिम्मेवार बनाउने, यात्रुले पनि विशेष चनाखो हुनुपर्ने र क्षमताभन्दा बढी यात्रु नराख्नेतर्फ सबैको सचेत पहल जरुरी रहेको बताउनुभयो । हाल निर्माण भइरहेको सडकमा सुरक्षाका सबै उपकरण राखिएको तथा सडक सुरक्षालाई विशेष ध्यान दिइएको उहाँको भनाइ छ । निर्माण भएका सडकको मर्मतसम्भार हुन नसक्दा पनि दुर्घटना बढेको, पहाडी क्षेत्रमा घुम्ती बढी भएकाले पनि दुर्घटना बढेको पाइएकाले त्यसलाई सरकारले ध्यान दिने विश्वास दिलाउनुभयो ।दुर्घटना न्यूनीकरणका लागि जनचेतना बढाउने तथा आवश्यक सुरक्षाका उपाय अवलम्बन गर्ने प्रक्रियालाई पनि उत्तिकै ध्यान दिइएको उपप्रधानमन्त्री महासेठको भनाइ छ । राष्ट्रियसभा र सांसदहरुको सुझावका आधारमा सरकारले सवारी दुर्घटना न्यूनीकरणका लागि सरकारले आवश्यक निर्णय गर्ने र चाँडै दुई वटा विधेयक सङ्घीय संसद्मा पेस गर्ने जानकारी दिनुभयो ।

बैठकमा राष्ट्रियसभाका सचिव डा सुरेन्द्र अर्यालले राष्ट्रियसभाबाट पारित भई सन्देशसहित प्रतिनिधिसभामा पठाइएको 'सुरक्षण मुद्रणसम्बन्धी विधेयक, २०७७' का सम्बन्धमा प्रतिनिधिसभाबाट प्राप्त सन्देश सभालाई जानकारी गराई टेबल गर्नुभयो ।त्यस्तै बैठकमा सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले 'मिडिया काउन्सिल विधेयक, २०८०' लाई दफाबार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो ।

सो प्रस्तावलाई सभाको सर्वसहमतिले स्वीकृत गरेको थियो । राष्ट्रियसभाको अर्को बैठक यही जेठ २९ गते मङ्गलबार १.१५ बजे बस्नेछ ।रासस

# प्रधानमन्त्री दाहाल स्वदेश फिर्ता



काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' भारतको औपचारिक भ्रमण सम्पन्न गरी सोमबार साँझ स्वदेश फर्कनुभएको छ ।

उहाँलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अतिविशिष्ट कक्षमा सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायण दाहाल, उपप्रधानमन्त्रीहरु, मन्त्रीगण, सांसद, सुरक्षा निकायका प्रमुख तथा नेपाल सरकारका उच्चपदस्थ अधिकारीलगायतले स्वागत गर्नुभयो । प्रधानमन्त्री दाहालको स्वागतमा नेपाली सेनाको टुकडीले सम्मान गारत अर्पण गरेको थियो ।

प्रधानमन्त्री दाहाल भारतीय समकक्षी नरेन्द्र मोदीको तेस्रो कार्यकालको शपथग्रहण समारोहमा सरिक हुन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै आइतबार अपराह्न नयाँदिल्ली प्रस्थान गर्नुभएकोथियो।उहाँनयाँदिल्लीस्थित भारतको राष्ट्रपति भवनमा आइतबार साँझ आयोजित प्रधानमन्त्री मोदीको शपथग्रहणसम्बन्धी विशेष समारोह र रात्रिभोजमा सरिक हुनुभएको थियो ।

शपथग्रहण समारोहपश्चात् प्रधानमन्त्री दाहाल र समकक्षी मोदीबीच संक्षिप्त भेटवार्ता भएको थियो । प्रधानमन्त्री दाहालले आज भारतका राष्ट्रपति द्रोपदी मुर्मूसँग शिष्टाचार भेटवार्ता गर्नुभएको थियो ।

भेटवार्तामा उहाँहरुबीच नेपाल-भारत सम्बन्धका विविध आयामबारे विचारविमर्श भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

प्रधानमन्त्री दाहालका साथमा सुपुत्री गङ्गा दाहाल, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरी, परराष्ट्र सचिव सेवा लम्साललगायत उच्चपदस्थ सरकारी अधिकारी सहभागी हुनुहुन्थ्यो ।रासस

# राष्ट्रपति पौडेल जेनेभा जानुहुँदै

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेल मङ्गलबार स्विट्जरल्यान्डको जेनेभा जानुहुने भएको छ । अन्तर्राष्ट्रिय श्रम सम्मेलनको ११२औँ उच्चस्तरीय सत्रमा आयोजना हुने 'सामाजिक न्यायका लागि विश्वव्यापी गठबन्धन' (ग्लोबल कोलिसन फर सोशल जस्टिस) को उद्घाटन मञ्चमा सहभागी

राष्ट्रपति पौडेलले यही जेठ ३१ गते सामाजिक न्यायका लागि विश्वव्यापी गठबन्धनको उद्घाटन मञ्चलाई सम्बोधन गर्नुहुने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ । उहाँले यही जेठ ३० गते स्विस महासङ्घका राष्ट्रपति विओला आमर्डसँग द्विपक्षीय भेटवार्ता गर्नुहुनेछ । नेपालका राष्ट्र प्रमुख र स्विस महासङ्घका राष्ट्रपतिबीच यसरी द्विपक्षिय भेटवार्ता हुन लागेको यो पहिलोपटक भएको बताइएको छ ।

भ्रमणपछि राष्ट्रपति पौडेल आगामी असार १ गते जेनेभाबाट जर्मनीको बर्लिन प्रस्थान गर्नुहुने परराष्ट्र मन्त्रालयलका कार्यवाहक सचिव एवं प्रवक्ता अमृतबहादुर राईले जानकारी दिनुभयो । उहाँले सङ्घीय गणतन्त्र जर्मनीका राष्ट्रपति फ्रैंक-वाल्टर स्टिनमेयरको निमन्त्रणामा जर्मनीको औपचारिक भ्रमण गर्न लाग्नुभएको हो । राष्ट्रपति पौडेलले असार ३ गते जर्मनीका राष्ट्रपतिसँग औपचारिक वार्ता गर्नुहुने परराष्ट्र मन्त्रालयले जनाएको छ ।

विश्व समुदायको साझा मञ्चमा नेपालका राष्ट्र प्रमुखले आफ्ना विचार राख्न पाउने अवसर देश र जनताका लागि महत्वपूर्ण अवसर भएको बताइएको छ । राष्ट्रपति पौडेलका प्रेस सल्लाहकार किरण पोखरेलले आइएलओको सम्मेलनमा मुख्य वक्ताका रुपमा



राष्ट्रपतिलाई आमन्त्रण गरिनुले संयुक्त राष्ट्र सङ्घले सामाजिक न्यायको कार्यसूचीलाई हाम्रो संविधान र सङ्घीय लोकतन्त्रान्त्रिक गणतन्त्रले पूर्ण रुपले आत्मसात् गरेको विषयलाई अन्तर ष्ट्रियजगत्मा स्थापित गरेको रुपमा बुझ्नुपर्ने बताउनुभयो ।उहाँले भन्नुभयो, "लामो समयपछि हाम्रो राष्ट्र प्रमुखको युरोपका महत्वपूर्ण मुलुकका राष्ट्र प्रमुखहरुसँग द्विपक्षीय भेटवार्ता हुँदैछ, यसले हाम्रो मुख्य विकास साझेदार मुलुकहरु जर्मनी र स्विट्जरल्यान्डको सम्बन्ध थप सुदृढ हुने अपेक्षा गर्न सकिन्छ ।"

जर्मनी र स्विट्जरल्यान्डका राष्ट्र प्रमुखसँगको द्विपक्षीय भेटवार्ताले नेपालको आर्थिक विकासमा थप अभिवृद्धि गर्न अवसरको नयाँ बाटो खुल्ने प्रेस सल्लाहकार पोखरेल बताउनुहुन्छ । नेपालको संविधान र व्यवस्थाले आइएलओले सामाजिक न्यायका पक्षमा उठाउँदै आएका विषयलाई हाम्रो व्यवस्थाले आत्मसात् गरेको भनेर नै राष्ट्रपति पौडेललाई आफ्ना अनुभव आदानप्रदान गर्न मुख्य वक्ताका रुपमा आमन्त्रण गरिएको हो । सामाजिक न्याय र स्वतन्त्रताका लागि राष्ट्रपति पौडेलले लामो समय अनवरत रुपमा गर्नुभएको त्याग, सङ्घर्ष र समर्पणलाई आइएलओले कदर गरेर मुख्य वक्ताका रुपमा आमन्त्रण गरेको उहाँले उल्लेख गर्नुभयो ।

राष्ट्रपति पौडेलका साथ उहाँकी धर्मपत्नी सविता पौडेल रहनुहुनेछ । प्रतिनिधिमण्डलका अन्य सदस्यहरुमा राष्ट्रपतिका परराष्ट्र मामिलाविज्ञ डा सुरेशचन्द्र चालिसे, राष्ट्रपतिको कार्यालय र परराष्ट्र मन्त्रालयका सचिवहरु, स्विट्जरल्यान्ड र जर्मनीका लागि नेपाली राजदूतहरु तथा राष्ट्रपतिको कार्यालय र परराष्ट्र मन्त्रालयका वरिष्ठ अधिकारीहरु रहनुहुनेछ । राष्ट्रपति पौडेल भ्रमण सम्पन्न गरी असार ५ गते स्वदेश फर्कनु हुनेछ ।रासस

# राजनीतिक स्थिरताका लागि लोकतन्त्रवादीले सोच्नुपर्ने बेला आएको छः नेता डा कोइराला

काठमाण्डु । नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले राजनीतिक स्थिरताका लागि लोकतन्त्रवादीहरुले सोच्नुपर्ने बेला आएको बताउनुभएको छ । नेपाली कांग्रेसका पूर्वउपसभापति, पूर्वउपप्रधानमन्त्री, प्रजातान्त्रिक योद्धा शैलजा आचार्यको १५औँ स्मृति दिवसका अवसरमा सोमबार यहाँ आयोजित कार्यक्रममा उहाँले पटक-पटक सरकार फेरिने प्रवृत्तिले मुलुकको निरन्तर विकासमा समस्या भएको बताउनुभयो ।

"जहाँ राजनीतिक स्थिरता हुँदैन, त्यहाँ विकास पनि हुन सक्दैन, राजनीतिक स्थिरताका लागि लोकतन्त्रवादीहरुले सोच्नुपर्ने बेला आएको छ, अहिले राजनीतिक स्थायित्व छैन, आर्थिक विकास हुन सक्ने अवस्थामा छैन, सुशासन दिने अवस्था छैन", उहाँले भन्नुभयो ।

नेता डा कोइरालाले विपी कोइराला र शैलजा आचार्यलाई सम्झेर काम गरेर अगाडि बढेमात्र कांग्रेसलाई पुरानो अवस्थामा फर्काउन सकिने बताउनुभयो । उहाँले आचार्य साहसीक व्यक्तित्वको धनी भएको उल्लेख गर्नुभयो ।त्यस अवसरमा कांग्रेस नेता डा शशाङ्क कोइरालाले पार्टीभित्र हिम्मत र साहसी महिला नेत्री शैलजा आचार्य भएको बताउनुभयो । उहाँले देश विकासका लागि स्व आचार्यको योगदान महत्वपूर्ण भएको उल्लेख गर्नुभयो । पार्टीभित्र शैलजा आचार्यको योगदानलाई जुन तरिकाले सम्बोधन गर्नुपर्ने हो त्यो हुन नसकेको उहाँको भनाइ थियो ।

कांग्रेस नेता डा मीनेन्द्र रिजालले पार्टीलाई एकतावद्ध बनाएर अगाडि बढाउनका लागि शैलजा आचार्यको महत्वपूर्ण योगदान रहेको उल्लेख गर्नुभयो । पूर्वमन्त्री डा रिजालले सबैसँग उत्तिकै सम्बन्ध राख्न सक्न निडर महिला नेत्री शैलजा भएको बताउनुभयो । पार्टीलाई एकतावद्ध बनाएर अगाडि लैजानका लागि शैलजाले गरेको योगदान अविस्मरणीय रहेको डा रिजालले बताउनुभयो ।

कांग्रेस नेता एवम् पूर्वमन्त्री महेश आचार्यले विपी कोइरालाको विचारलाई आम जनमानसमा पुऱ्याउन शैलजाको महत्वपूर्ण भूमिका रहेको स्मरण गर्नुभयो । विपी विचारको उत्तराधिकारीका रुपमा शैलजालाई लिनुपर्ने उहाँको भनाइ थियो । उहाँले कांग्रेसमा नीति, नेतृत्व र नैतिकताको सङ्कट देखिन थालेको उल्लेख गर्नुभयो ।

न े पा ल सरकारका पूर्वमुख्यसचिव डा विमल कोइरालाले निष्ठा, इमान र लगनको त्रिवेणी शैलजा आचार्यमा भएको बताउनुभयो । "शैलजा आचार्य जलस्रोत मन्त्री हुँदा साना जलविद्युत् आयोजनालाई अगाडि बढाउने नीति लिनुभएको थियो, जसका कारण अहिले हामीले जलविद्युत्मा फड्को मार्न सकेका छौं", उहाँले भन्नुभयो ।

शैलजा आचार्य आदर्श समाजकी अध्यक्ष दुर्गा घिमिरेले शैलजा आचार्यको निष्ठा र आदर्शलाई देशव्यापी रुपमा फैलाउन आवश्यक रहेको उल्लेख गर्नुभयो । शैलजा आचार्य स्मृति पोलिक्लिनिक कलेजका प्राचार्य सन्तबहादुर अधिकारीले शैलजा आचार्यको सम्झनामा ग्रामीण भेगमा सीपमुलक तालिम प्रदान गरी आयआर्जनसँग जोड्दै अगाडि बढ्दै गएको बताउनुभयो ।रासस

# जलवायुजन्य क्षतिपूर्तिका लागि कूटनीतिक पहल गर्नुपर्नेमा जोड

काठमाण्डु । राष्ट्रियसभा सदस्य तुलसाकुमारी दाहालले जलवायुजन्य क्षतिपूर्तिका लागि आन्तर्राष्ट्रिय रुपमा पहल कदमी गरिनुपर्ने सुझाव दिनुभएको छ ।

राष्ट्रियसभाको सोमबार बसेको बैठकमा भाग लिँदै सांसद दाहालले जलवायु परिवर्तनको असरले निम्ताएका समस्याका कारण धनजनको क्षति भइरहेको उल्लेख गर्दै यसको क्षतिपूर्तिस्वरुप वित्तीय सहयोग उपलब्ध गराउन कूटनीतिक पहल थालिनुपर्नेमा जोड दिनुभयो ।

उहाँले जलवायु परिवर्तन गराउनमा नेपाल जस्ता विकासउन्मुख मुलुकको भूमिका नगन्य भए पनि त्यसको गल्तीको सजाय भोगिरहनुपरेको बताउनुभयो ।

"जलवायु परिवर्तनको असरका कारण वायुमण्डलमा तातो बढ्ने, मानव जाती तथा जैविक विविधतामा समेत असर पुगेकाले समयमा नै यसबाट बच्न सचेत रहनुपर्छ," उहाँले भन्नुभयो, "तराईमा तापक्रम बढिरहेको छ, अझै बढ्नसक्ने विज्ञहरुले बताएका छन्, बढ्दो तापक्रमका कारण पानीको स्रोत सुक्ने, सुख्खा बढ्ने, कृषि उत्पादन घट्ने तथा तातो हावाको लहरको कारण मानिसको स्वास्थ्यमा असर गरिरहेको छ," सांसद दाहालले भन्नुभयो, "नदी दोहन, वनजङ्गल विनाश बढिरहेको छ, नदीको दोहन भइरहेको छ, अव प्राकृतिक विपत्तिको समस्या न्यूनीकरण गर्नुपर्ने, जलको पुनःभरण गर्नुपर्ने तथा वनजङ्गल जोगाउन आवश्यक छ ।"

सांसद दाहालले जलवायु परिवर्तनको असरका कारण मानिसको स्वास्थ्यमा असर परिरहेको उल्लेख गर्दै रोगीको निःशुल्क उपचारमा पहुँच हुनु जरुरी रहेको बताउनुभयो । "सरकारले आगामी आर्थिक वर्षका लागि राष्ट्रपति जलवायु कार्यक्रम अगाडि सारेको छ, यो राम्रो कार्यक्रम हो । तर यसको प्रभावकारी कार्यान्वयनको आवश्यकता छ," सांसद दाहालले भन्नुभयो, "जलवायु परिवर्तन न्यूनीकरण गर्न, पर्यावरणमैत्री विकास निर्माणको योजना कार्यन्वयन गर्न सरकारले पहल गर्नुपर्छ ।"

सांसद दाहालले पछिल्लो समय वन डढेलोको कारण बर्सेनि धनजनको क्षति भइरहेको उल्लेख गर्दै नियन्त्रणका प्रभावकारी कार्यक्रम सञ्चालन गर्नुपर्ने बताउनुभयो । जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न र जलवायु अनुकूलनका कार्यक्रम प्रभावकरी बनाउन सर्वसाधरणलाई विद्युत्मा छुट, जोखिम न्यूनीकरणका लागि पहल गर्नुपर्ने, जलवायु परिवर्तन सम्बन्धि कार्यक्रम एकीकृत रुपमा सञ्चालन गर्नुपर्ने उहाँको भनाइ छ । "जलवायु परिवर्तनले निम्ताएको समस्याको कारण हिमालको हिउँ पग्लिरहेको छ, यसले पर्यटकीय क्षेत्रमा असर पुगेको छ, अव सरकारले अन्य निकायसँग पनि सहकार्य गर्न आवश्यक छ," उहाँले भन्नुभयो, "बस्ती सुधार कार्यक्रमअन्तर्गत तराईमा जस्ताको छाना राख्ने सरकारको योजना छ, तराईमा गर्मी धेरै हुने भएकाले जस्ताको छाना अनुकूल छैन, मौसम अनुकूलन बस्ती सुधारका कार्यक्रम अगाडि बढाउन आवश्यक छ ।"

सांसद दाहालले आगामी आर्थिक वर्षका लागि विद्युतीय साधनमा करको दायरा बढाउनु उचित नभएको बताउनुभयो । जलवायु परिवर्तनको समस्यासँग जुध्न क्षमता अभिवृद्धि र जनचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्न आवश्यक रहेको उहाँको भनाइ छ ।रासस


**मधेस प्रदेश सरकार**

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

**स्वास्थ्य निर्देशनालय**

**स्वास्थ्य कार्यालय**

**कलैया , बारा**

## क्याट्लग सपिङ्ग विधिबाट सवारी साधन खरिद गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः२०८१/०२/२९ गते**

यस कार्यालयको आ.व.२०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार औषधी तथा औषधिजन्य सामग्रीहरु ढुवानीका लागि तपसिल वमोजिमको चार पाङ्ग्रे सवारी खरिद गर्नुपर्ने भएकोले सवारी साधन प्रदान गर्न ईच्छुक ईजाजत प्राप्त उत्पादन कम्पनी वा अधिकृत/आधिकारिक बिक्रेताहरुले कम्पनी, फर्म दर्ता, भ्याट दर्ता, एजेन्सी दर्ता, Letter of Authorization र आ.व. २०७९/०८० को आयकर चुक्ता प्रमाणपत्र लगायतका कागजातहरुको प्रमाणित प्रतिलिपीहरु समावेश गरी सवारी साधनको उत्पादनको आधिकारिक स्पेशिफिकेशन, मूल्य र सुविधासहितको गुणस्तर विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा कार्यालय समयभित्र निवेदन दर्ता गर्नुहुन सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा १ (क) को खण्ड ८तथा सार्बजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) तथा उत्पादक वा अधिकृत बिक्रेतादारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने कार्यविधि, २०७४ को दफा ९ बमोजिम सम्बन्धित उत्पादक वा आधिकारिक बिक्रेताहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । थप जानकारी तथाविस्तृत स्पेशिफिकेशनको लागि यस स्वास्थ्य कार्यालय, वीरगन्ज, पर्सामा सम्पर्क गर्न सकिने छ ।

तपसिलः

| सि.नं. | सवारी साधनको नाम | संक्षिप्त बिबरण | कैफियत |
|---|---|---|---|
| १. | 4WD चार पांग्रे डबल क्याव पिकअप-१ थान | Double Cab Pick Up, Right Hand Drive model with four wheel drives, Water cooled diesel Engine, displacement not less than 2100 cc developing rated Power Output not less than 130PS and Torque not less than 300 N–m at governed RPM, Minimum 1 year warranty after acceptance. | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ । |

**कार्यालय प्रमुख**

जनकपुर टुडे
२०८१ साल जेठ २९ गते मंगलबार (11 Jun, Tuesday, 2024)

# मोदीद्वारा सपथ ग्रहण समारोहमा सहभागी विदेशी पाहुनालाई धन्यवाद ज्ञापन



**एएनआई**

नयाँदिल्ली । भारतका प्रधानमन्त्री मोदीद्वारा सपथ ग्रहण समारोहमा सहभागी विदेशी पाहुनालाई धन्यवाद ज्ञापन गर्नुभएको छ। भाजपा नेता मोदीले आइतबार राष्ट्रपति भवनमा आयोजित एक भव्य समारोहमा आफ्नो तेस्रो कार्यकालका लागि भारतका प्रधानमन्त्रीका रुपमा सपथ लिनुभएको थियो ।

राष्ट्रपति द्रौपदी मुर्मूले नरेन्द्र मोदीलाई पद तथा गोपनियताको सपथ ग्रहण गराउनुभएको थियो । प्रधानमन्त्री मोदीले एक्समा पोस्ट गरेको एक सन्देशमा भारतका विश्वभरका सहयोगीसँगको सहकार्यको महत्वमा जोड दिँदै साझा चुनौतीहरूको सामना गर्न र पारस्परिक हितलाई अगाडि बढाउन राष्ट्रले आफ्ना मूल्यवान साझेदारहरूसँग नजिकबाट काम जारी राख्ने बताउनुभएको छ । उहाँले भन्नुभयो, "शपथ ग्रहण समारोहमा सहभागी हुनुहुने सबै विदेशी महानुभावहरूप्रति म आभारी छु ।

मानव प्रगतिका लागि भारतले हाम्रा मूल्यवान् साझेदारहरूसँग सधैं नजिकबाट काम गर्नेछ ।"

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आइतबार तेस्रो कार्यकालका लागि प्रधानमन्त्रीपदको सपथ लिएपछि भारतका छिमेक, हिन्द महासागर क्षेत्रका नेताहरू राष्ट्रपति भवनको मञ्चमा सहभागी भएका थिए ।

प्रधानमन्त्री मोदीसँग श्रीलङ्काका राष्ट्रपति रनिल विक्रमासिङ्घे, माल्दिभ्सका राष्ट्रपति मोहम्मद मुइज्जु, सेशेल्सका उपराष्ट्रपति अहमद अफिफ, नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', बङ्गलादेशकी प्रधानमन्त्री शेख हसिना, भुटानका प्रधानमन्त्री छिरिङ तोब्गे, मौरिससका प्रधानमन्त्री प्रविन्द जुगनाथले प्रत्यक्ष भेटी हात मिलाएर बधाइ ज्ञापन गर्नुभएको थियो । विदेशी नेताहरूले राष्ट्रपति द्रौपदी मुर्मू र उपराष्ट्रपति जगदीप धनखरलाई सफलतापूर्वक लोक सभा निर्वाचन सम्पन्न गरेकोमा बधाइ दिनुभएको थियो ।

आइतबार राति राष्ट्रपति मूर्मुले आयोजना गरेको भोजमा सरिक हुनुपूर्व राष्ट्रपति मूर्मु, उपराष्ट्रपति धनखर, भारतीय प्रधानमन्त्री मोदी, नेपालका प्रधानमन्त्री 'प्रचण्ड' लगायतका विदेशी पाहुनाले सामूहिक तस्वीर खिचाउनुभएको थियो । भारतीय विदेश मन्त्रालयले भनेको छ, "प्रधानमन्त्री नरेन्द्र मोदीको लगातार तेस्रो कार्यकालको शपथ ग्रहण समारोहमा सहभागी हुन नेताहरूको भ्रमण भारतले आफ्नो 'छिमेक पहिलो' नीति र 'सागर' भिजनलाई दिएको उच्च प्राथमिकताअनुरूप हो ।"

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो सपथ ग्रहण समारोहमा सहभागी भएका विदेशी पाहुनाप्रति आभार व्यक्त गर्दै ' छिमेक पहिलो' नीतिप्रति भारतको प्रतिबद्धता दोहोऱ्याउनुभएको छ । भारतको विशाल जनसङ्ख्याको सेवा गर्ने आफ्नो प्रतिबद्धता व्यक्त गर्दै उहाँले भन्नुभयो,"देशलाई प्रगतिको नयाँ उचाईमा पुऱ्याउने आफ्नो सरकारको लक्ष्य रहने छ।"

भारतीय प्रधानमन्त्री मोदीले नवनियुक्त सबै मन्त्रीहरूलाई बधाई ज्ञापन गर्दै भन्नुभयो, "म १४० करोड भारतीयको सेवा गर्न र भारतलाई प्रगतिको नयाँ उचाईमा पुऱ्याउन मन्त्रीपरिषदसँग मिलेर काम गर्न उत्सुक छु।

आज शपथ ग्रहण गर्नुहुने सबैलाई बधाई छ । मन्त्रीहरूको यो टोली युवा र अनुभवको ठूलो मिश्रण हो र हामी जनताको जीवन सुधार गर्न कुनै कसर बाँकी राख्ने छैनौं ।"

> भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आषनो सपथ ग्रहण समारोहमा सहभागी भएका विदेशी पाहुनाप्रति आभार व्यक्त गर्दै "छिमेक पहिलो" नीतिप्रति भारतको प्रतिबद्धता दोहोऱ्याउनुभएको छ ।

# भारतसँग पराजयपछि पाकिस्तानको क्रिकेटमा ठूलो फेरबदलको आशंका



जनकपुरधाम । भारतीय टोलीसँग पराजित भएपछि अब पाकिस्तान क्रिकेट बोर्डले ठूलो कारबाही गर्दै पाकिस्तान क्रिकेट टोलीमा आमूल परिवर्तन गर्न सक्नेछ । यसैबीच बाबर आजमको कप्तानी फेरि एकपटक खतरामा परेको देखिन्छ ।

टी-२० विश्वकपजस्तो ठूलो प्रतियोगितामा १२० रनको लक्ष्य पछ्याउन नसक्ने टोली । क्रिकेट जगतको बच्चा मानिने अमेरिकासँग हारेको टोलीका खेलाडीले विश्वकप जित्छु भन्ने सोच्ने हो भने त्यो अर्थहीन हुनेछ ।भारतीय टोलीसँगको लज्जास्पद हारपछि यतिबेला पाकिस्तान क्रिकेटमा भूकम्प आएको छ । पीसीबीले पनि के भइरहेको छ बुझ्दैन। यसैबीच, आगामी केही दिनमा पाकिस्तान क्रिकेटमा शल्यक्रिया नभएर ठूलो शल्यक्रिया हुने खबर आएको छ । धेरै ठूला खेलाडी प्रभावित हुने भए पनि हाल खेलबाहिर रहेका खेलाडी फर्किने सम्भावना छ ।

**पीसीबी प्रमुख मोहसिन नकवीले ठूलो बयान**

पाकिस्तान क्रिकेट बोर्ड (पीसीबी) का अध्यक्ष मोहसिन नक्वीले बाबर आजमको कप्तानीमा रहेको टोलीमा आमूल परिवर्तन गर्नुपर्ने बताएका छन् । पाकिस्तानी सञ्चारमाध्यमका अनुसार नक्वीले न्यूयोर्कमा भनेका थिए कि मैले पहिले खेल जित्नका लागि टोलीमा केही परिवर्तन गर्नुपर्छ भन्ने सोचेको थिएँ तर अहिले टोलीमा धेरै ठूलो परिवर्तन गर्नुपर्ने देखिन्छ ।

नक्वीले यो पनि भने कि अब केहि समय देखि टिम बाहिर रहेका खेलाडीहरुमा ध्यान दिनु आवश्यक छ । उनले भने, ' अमेरिका र भारतसँग हामीले जसरी खेल हार्यौं, त्यो निकै निराशाजनक छ । हामीले अहिले टोलीमा नभएका खेलाडीहरूलाई हेर्नु पर्छ। नक्वीले भने कि सबैले सोधिरहेका छन् कि टोलीले किन राम्रो प्रदर्शन गरिरहेको छैन। विश्वकप अहिले चलिरहेको छ तर पक्कै पनि हामीले सबै कुरालाई ध्यानमा राख्नुपर्छ।

मोहसिन नक्वी पनि खेल हेर्न आएका थिए

पीसीबी प्रमुख मोहसिन नक्वी आइतबार भारत र पाकिस्तानबीचको खेल हेर्न न्यूयोर्क पुगेका थिए । भनिन्छ, १९औं ओभरमा टिम इन्डियाले खेलको नियन्त्रणमा लिने बित्तिकै र भारतीय टोलीले खेल जित्ने कुरा लगभग निश्चित भइसकेपछि मोहसिन नकवीले स्टेडियम छोडे । यसपछि मिडियाले उनलाई घेरेपछि उनले यस्तो बयान दिए, जसले पाकिस्तान क्रिकेटमा ठूलो परिवर्तनको संकेत गरेको छ । तर, पाकिस्तानसँग अझै दुई खेल बाँकी छ,जुन ११ र १६ जुनमा खेलाइनेछ । सायद यो भन्दा पहिले होइन, तर यो पछि परिवर्तनको प्रबल सम्भावना छ।

२०२३ को एकदिवसीय विश्वकपपछि पनि फेरबदल भएको थियो

सन् २०२३ को एकदिवसीय विश्वकपमा पाकिस्तानी टोली भारतसँग हारेपछि पनि यस्तो अराजकताको वातावरण देखिएको थियो । प्रतियोगिताभर टिमको प्रदर्शन खासै रहेन । यसपछि धेरै परिवर्तन देखियो । बाबर आजमलाई कप्तानीबाट हटाएर शाहीन शाह अफ्रिदीलाई कप्तानी सुम्पिएको छ ।तर, पछि शाहिन पनि फ्लप भएपछि बाबरलाई फेरि कप्तान बनाइएको थियो । अब पीसीबी प्रमुखले के भनेपछि के परिवर्तन हुन्छ त्यो हेर्न रोचक हुनेछ।

**पराजयपछि अब हारको जिम्मेवार को ?**

भारतसँगको हारपछि पाकिस्तान क्रिकेटमा यतिबेला हलचल मच्चिएको छ । वास्तवमा यो पराजय निन्दनीय भएको हुनुपर्छ किनभने जब भारतको इनिङ्स ११९ रनमा समेटिएको थियो, त्यही क्षणबाट पाकिस्तानले जितको उत्सव मनाउन थालेको थियो। न्युयोर्कको पिचमा र खेलमा जे पनि हुन सक्छ भन्ने कुरा नदेखी। यसैबीच आरोप-प्रत्यारोपको सिलसिला पनि सुरु भएको छ । पाकिस्तानका आफ्नै खेलाडी र पूर्व कप्तानले आफ्ना खेलाडीलाई दोष दिइरहेका छन् ।यसैबीच, पूर्व कप्तान सलिम मलिकले इमाद वासिमलाई लिएर निकै गम्भीर कुरा गरेका छन् । एक हिसाबले मलिकले हारको दोष वासिमलाई दिएका छन् ।

पाकिस्तानका पूर्व कप्तान सलिम मलिकले इमाद वासिमले भारतविरुद्धको टी-२० विश्वकप खेलमा जानाजानी बल बर्बाद गरेको आरोप लगाएका छन् । सलिम मलिकले वसिमको इनिङ्स हेर्दा रन बनाउनुको सट्टा बल खेर फालेको र लक्ष्य पछ्याउने क्रममा कठिनाइ भइरहेको देखिन्छ । अर्कोतर्फ, पूर्व कप्तान शाहिद अफ्रिदीले पाकिस्तानी टोलीमा सबै कुरा ठीक नरहेको र केही खेलाडीले कप्तान बाबर आजमविरुद्ध गुनासो गरेको महसुस गरेका छन् ।अफ्रिदीले कप्तानले सबैलाई साथमा लिएर जाने बताए । उसले कि त टोलीलाई बर्बाद गर्छ वा यसलाई राम्रो बनाउँछ। विश्वकप सकियोस्, त्यसपछि खुलेर कुरा गर्छु ।

शाहिद अफ्रिदीले शाहिन अफ्रिदीसँग मेरो यस्तो सम्बन्ध रहेको बताएका छन् कि यदि मैले उनको बारेमा कुरा गरे भने मानिसहरूले म मेरो ज्वाइँको पक्षमा छु भन्ने भन्नेछन् । टी-२० विश्वकपअघि अफ्रिदीलाई कप्तानीबाट हटाइएको थियो । उनको कप्तानीमा पाकिस्तानले न्युजिल्यान्डविरुद्ध एउटा मात्र सिरिज खेलेको थियो । पूर्व फास्ट बलर शोएब अख्तरले पाकिस्तानको खराब प्रदर्शनको कडा आलोचना गर्दै बाबर आजमको कप्तानीमा रहेको टोली सुपर आठ चरणमा पुग्न योग्य नभएको बताए।ह मा जारी गरिएको भिडियोमा अख्तरले निराश र दुखित हुँदा पोस्ट गर्नु स्वभाविक भएको बताए। सिंगो देश निराश र निराश छ। मनोबल कम छ। जसरी भए पनि जित्ने मनसाय देखाउनुपर्छ। के पाकिस्तान सुपर आठमा पुग्न लायक छैन? भगवानले जानुन्

सन् २०२४ को टी-२० विश्वकपमा भारत र पाकिस्तानको टोली आमनेसामने हुँदा सारा विश्वको नजर यो खेलमा थियो । तर, भारतीय ब्याट्सम्यानको प्रदर्शन केही खास रहेन र पूरा टोली १९ ओभरमा ११९ रन मात्रै बनाएर प्याभिलियन फर्किएको थियो । यसपछि पाकिस्तानलाई १२० रनको लक्ष्य दिँदा पाकिस्तानले सहजै खेल जित्ने देखिन्छ ।

पहिलो दश ओभरमा टोलीले समान गतिमा रन बनाए र धेरै विकेट गुमाउन सकेन।तर काम अर्को दस ओभरमा सकियो। पाकिस्तानी टोलीले दिएको लक्ष्यभन्दा ६ रन पछाडी लडेर खेल हारेको थियो । त्यसयता सामाजिक सञ्जाल होस् वा अन्य केही, पाकिस्तान र उनको क्रिकेट टोलीलाई जताततै बदनाम भइरहेको छ।

# शेख हसिनाद्वारा प्रधानमन्त्री मोदीलाई बङ्गलादेश भ्रमणको निम्तो : विदेश मन्त्री

**एएनआई**

नयाँदिल्ली । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको तेस्रो कार्यकालको सपथपछि भएको संक्षिप्त भेटमा शेख हसिनाले भविष्यमा सम्बन्ध बलियो बनाउन नयाँ सरकारसँग मिलेर काम गर्ने इच्छा व्यक्त गर्नुभएको बङ्गलादेशका विदेशमन्त्री मोहम्मद हसन महमुदले बताउनुभयो । प्रधानमन्त्री शेख हसिनालाई आइतबार राजधानी दिल्लीको राष्ट्रपति भवनमा भएको शपथ ग्रहण समारोहमा आमन्त्रित गरिएको थियो ।

प्रधानमन्त्री शेख हसिना प्रधानमन्त्री मोदी र उहाँको मन्त्री परिषद्को शपथ ग्रहण समारोहमा सहभागी भएपछि प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ता गर्नुभयो । उक्त अवसरमा बङ्गलादेशकी प्रधानमन्त्री शेख हसिनाले प्रधानमन्त्री मोदीको नेतृत्वको राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडिए) ले लोक सभामा बहसमतका लागि पाएको सफलताका लागि बधाई दिनु भएको थियो । उहाँले सम्बन्ध बलियो बनाउन भविष्यमा नयाँ सरकारसँग मिलेर काम गर्ने इच्छा व्यक्त गरेको विदेश मन्त्री हसन महमुदले एएनआईलाई बताउनुभयो ।

बङ्गलादेशकी प्रधानमन्त्री शेख हसिना र उहाँका भारतीय समकक्षी मोदीको नेतृत्वमा दुई देशबीचको सम्बन्ध 'नयाँ उचाइमा' पुगेको बताउँदै विदेशमन्त्री महमुदले बङ्गलादेशको तर्फबाट प्रधानमन्त्री मोदीलाई ढाका भ्रमणको निम्तो पनि दिएको बताउनुभयो । छिमेकीको रूपमा, आफ्हरूसँग धेरै अवसर भएको




बताउँदै हाम्रा जनता-जनता बीचको सम्पर्कलाई बलियो बनाउने सन्दर्भमा अझ बढी सहकार्य भएमा यसबाट दुवै मुलुकले लाभ लिने विदेशमन्त्री महमुदले उल्लेख गर्नुभयो ।

राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडिए) ले जुन ५ मा नरेन्द्र मोदीलाई आफ्नो नेताको रूपमा चयन गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरेको थियो ।भारतीय संसदको ५४३ सदस्यीय तल्लो सदनको लोकसभा चुनावमा भाजपाको नेतृत्वमा रहेको एनडिएले २९३ सिट जितेको छ । प्रधानमन्त्री मोदी भारतका संस्थापक प्रधानमन्त्री जवाहरलाल नेहरूपछि लगातार तेस्रो कार्यकाल जित्ने दोस्रो भारतीय नेता हुनुहुन्छ ।

# भारतमा उष्ण लहर अझै बढ्ने खतरा

**एएफपी**

नयाँदिल्ली । भारतको इतिहासमा नै सबैभन्दा लामो उष्ण लहर (लु) का कारण सामान्य जनजीवन प्रभावित बनेको भन्दै मौसमविद्हरूले अति आवश्यक कामबाहेक दिनको घाममा घरबाहिर ननिस्कन सुझाव दिएका छन् ।




भारतीय मौसमविद्ले सोमबार नागरिकले अझै केही दिन बढ्दो तापक्रमको सामना गर्नुपर्ने बताएका छन् । उत्तरी भारतका केही भागमा मानिसहरू मे महिनाको मध्यदेखि नै गर्मीको चपेटामा परेको र पछिल्ला केही दिनमा तापक्रम ४५ डिग्री सेल्सियसभन्दा माथि पुगेको छ ।लगातार २४ दिनसम्म अनुभव गरिएकाले यो सबैभन्दा लामो 'लु' लागेको भारतको मौसम विज्ञान विभाग (आइएमडी) का प्रमुख मृत्युञ्जय महापात्रले दैनिक इन्डियन एक्सप्रेससँगको अन्तर्वार्तामा उल्लेख गर्नुभएको छ ।

यस महिना वार्षिक मनसुन वर्षा उत्तरतिर सर्दै जाँदा विस्तारै गर्मी घट्ने अपेक्षा गरिएको छ । यद्पी महापात्रले गर्मीको कारण अझ जटिल मौसमी अवस्था आउनसक्ने चेतावनी दिनुभयो। यदि सावधानी वा रोकथामका उपायहरू अपनाइएन भने उष्ण लहरहरू बढी बारम्बार, लामो र कडा हुने उहाँले बताउनुभयो । भारत विश्वको तेस्रो ठूलो हरितगृह ग्यास उत्सर्जन गर्ने मुलुक हो तर सन् २०७० सम्ममा शुद्ध शून्य उत्सर्जन अर्थव्यवस्था हासिल गर्न प्रतिबद्ध छ ।

अहिले भने भारत विद्युत उत्पादनका लागि कोइलामा अत्यधिक निर्भर छ ।"मानव गतिविधि, बढ्दो जनसंख्या, औद्योगीकरण र यातायात संयन्त्रले कार्बन मोनोअक्साइड, मिथेन र क्लोरोकार्बनको एकाग्रता बढाइरहेको महापात्रले उल्लेख गर्नुभयो । हामीले आफूलाई मात्र होइन, हाम्रो भावी पुस्तालाई पनि खतरामा पार्दैछौं ।वैज्ञानिक अनुसन्धानले जलवायु परिवर्तनले उष्ण लहरहरू लामो, अधिक बारम्बार र अधिक तीव्र हुँदै गएको देखाउँछ ।पछिल्लो गर्मीको लहरले नयाँदिल्लीको तापक्रम सन् २०२२ को ४९.२ डिग्री सेल्सियसको उच्च रेकर्डमा पुगेको छ ।

तापक्रम वृद्धिसँगै देशबासीले गर्मीबाट राहत खोज्दा बिद्युत ग्रिडमा आठ हजार ३०२ मेगावाटको उच्च रेकर्डको माग पुगेको छ । मे २९ मा, दिल्लीको उपनगर मुङ्गेशपुरको एक स्वचालित मौसम स्टेसनले ५२.९ डिग्री सेल्सियसको उच्च तापक्रम रेकर्ड गरेको खबर पत्रपत्रिकामा आएको थियो तर सरकारी अधिकारीले उक्त तापक्रम सेन्सरको त्रुटिपूर्ण परिणाम भएको जनाएको थियो । दिल्लीका अन्य ठाउँका १७ अन्य सहरका स्टेसनहरूले सोही दिन अधिकतम ४९ डिग्री सेल्सियस तापक्रम मापन गरेका थिए ।

# बेल्जियमका प्रधानमन्त्री डी क्रूद्वारा राजीनामाको घोषणा

**एएनआई**

ब्रसेल्स ।बेल्जियमका प्रधानमन्त्री अलेक्ज्यान्डर डे क्रुले आइतबार सम्पन्न राष्ट्रिय र युरोपेली संसदीय चुनावमा आफ्नो पार्टीको हारपछि राजीनामा दिनुभएको छ ।

आइतबार राति ब्रसेल्समा यस्तो घोषणा गर्दा आँसु रोक्न गाह्रो भएको भन्दै उहाँले उपलब्ध नतिजा आफुले आशा गरेको नतिजा नभएको बताउनुभयो । भोलिसम्म, प्रधानमन्त्रीको पदबाट राजीनामा दिने र वर्तमान मामिलामा पूर्णरूपमा ध्यान केन्द्रित गर्ने उललेख गरेको सिएनएनले जनाएको छ । आरटीबीएफको मतदानलाई उद्धृत गर्दै सिएनएनले डि क्रूको 'ओपन भिएलडी' पार्टीले युरोपेली संसदमा ५.८ प्रतिशत मत प्राप्त गरेको र यो राम्रो प्रदर्शन नभएको जनाएको छ ।

आरटीबिएफको सर्वेक्षणले अति दक्षिणपन्थी ' भ्लामस बेलाङ पार्टी' र 'फ्लेमिश नेशनलिस्ट (एनभिए) पार्टीले क्रमश : १४.८ प्रतिशत र १४.२ प्रतिशत मतका लागि बराबरी रहेको देखाएको छ ।राजीनामाको घोषणा गर्दै डी क्रूले बेल्जियमलाई आफ्नो कार्य लिन सक्ने पूर्ण शक्तिको नयाँ सरकार चाहिने विश्वासलाई जोड दिदै आफ्नो उत्तराधिकारीलाई शक्तिको 'उचित हस्तान्तरण' गर्ने प्रतिवद्धता जनाउनुभयो । सिएनएनका अनुसार युरोपेली सङ्घका २७ सदस्य राष्ट्रहरूमा मतदान हाललाई बन्द भएको छ भने अन्तिम मतदान इटालीमा भएको थियो ।रासस

# जेलेन्स्कीद्वारा युक्रेनको सुमी क्षेत्रमा रूसी पकड रहेको अस्वीकार



**एएफपी**

किएभ । युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले सोमबार रूसी सेनाले पूर्वी सुमी क्षेत्रको एउटा गाउँ कब्जा गरेको कुरा अस्वीकार गर्नु भएको छ । रूसी कब्जामा रहेको चेचेन रिपब्लिकका नेता रमजान कादिरोभले आइतबार रूसी सेनाले सुमीमा मस्कोको सेना अगाडि बढेको बताएका थिए ।

उनले सीमावर्ती गाउँ रिजिभ्का कब्जा गरेको बताएका हुन् ।

रुसको रक्षा मन्त्रालयबाट तत्काल कुनै टिप्पणी नआएको बताउदै एक स्थानीय युक्रेनी अधिकारीले कादिरोभको दावीलाई अस्वीकार गरेका छन् ।जेलेन्स्कीले सुमीमा युक्रेनी सेनाहरू 'पूर्ण नियन्त्रणमा' रहेको र त्यहाँ सक्रिय रूसी समूहहरू पछि हटिसकेको बताउनुभयो ।

"रिजिभ्का गाउँको विषयमा कब्जा गर्नेले त्यहाँ एक प्रचार अभियान लागू गर्ने प्रयास गरी गाउँमा रूसी झण्डा नष्ट गरेपनि त्यहाँ कुनै बासिन्दाको उपस्थिति नभएको जेलेन्स्कीले सामाजिक सञ्जालमा एक विज्ञप्तिमा उल्लेख गर्नुभयो ।

उहाँले औद्योगिक डोनेट्स्क क्षेत्रको लडाइँ 'सबैभन्दा गाह्रो' भएको र युक्रेनी सेनाले त्यहाँ आफ्नो स्थिति स्थिर गर्न सम्भावित सबै उपाय अपनाएको बताउनुभयो । सुमी युक्रेनको उत्तरी सीमामा अवस्थित छ र सन् २०२२ मा द्वन्द्व सुरु भएदेखि यहाँ रूसले कुनै ठूलो जमिनी आक्रमण गरेको छैन ।

कादिरोभले आफ्ना लडाकूहरूले 'अन्य रूसी सैनिक एकाइसँग मिलेर रणनीतिक कारबाही गरेको र दुश्मनबाट अर्को बस्ती मुक्त गरेको उहाँले सामाजिक सञ्जाल मार्फत जानकारी गराउनुभयो । ठुलो मात्रामा नियोजित आक्रामक कार्यको परिणाम स्वरूप, युक्रेनी पक्षले महत्त्वपूर्ण क्षति बेहोर्‍यो र पछि हट्न बाध्य भएको उहाँले बताउनुभयो । स्थानीय नगरपालिकाको युक्रेनी प्रमुख युरी जार्कोले रिजिभ्कालाई पक्राउ गरिएको कुरा अस्वीकार गर्दै राज्यको प्रसारक संस्था सुस्पिल्नलाई गाउँमा कुनै रूसी सेना नभएको बताउनुभयो ।

जेलेन्स्कीले गत महिना रुसले उत्तरी सीमामा सेना जम्मा गरिरहेको र नयाँ आक्रमण हुन सक्ने चेतावनी दिनुभएको थियो । रूसी आक्रमणको बढ्दो जोखिमलाई उद्धृत गर्दै अधिकारीहरूले गत महिना सुमी क्षेत्रका केही सीमावर्ती सहर र गाउँहरूमा बसोबास गर्ने बासिन्दाहरूलाई सुरक्षित स्थलमा जान निर्देशन दिएका थिए ।

रूसले छिमेकी खार्किभ क्षेत्रमा मे १० मा ठूलो स्थल अभियान सुरु गरी किएभको सेनालाई श्रमशक्ति र गोलाबारुदको अभाव भएका समय धेरै सहर र गाउँहरू कब्जा गरेको थियो ।

# विदेशी विनिमय सञ्चिति करिब साढे १९ खर्ब पुग्यो

काठमाण्डु । चालु आर्थिक वर्षको वैशाख मसान्तसम्ममा अर्थतन्त्रको बाह्य क्षेत्रमा राम्रो सुधार देखिएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८०/८१ को दश महिनाको तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार एक वर्षभन्दा बढी समयको वस्तु तथा सेवाको आयात धान्ने विनिमय सञ्चिति रहेको देखिएको हो ।



विसं २०८० असार मसान्तमा रु १५ खर्ब ३९ अर्ब ३६ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति २६ दशमलव दुई प्रतिशतले वृद्धि भई गत वैशाख मसान्तमा रु १९ खर्ब ४२ अर्ब ४० करोड पुगेको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति २०८० असार मसान्तमा ११ अर्ब ७१ करोड रहेकोमा २०८१ बैशाख मसान्तमा २४ दशमलव दुई प्रतिशतले वृद्धि भई १४ अर्ब ५४ करोड पुगेको छ ।

कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०८० असार मसान्तमा रु १३ खर्ब ४५ अर्ब ७८ करोड रहेकोमा २०८१ बैशाख मसान्तमा २८ प्रतिशतले वृद्धि भई रु १७ खर्ब २२ अर्ब २ करोड पुगेको छ । त्यस्तै, बैंक तथा वित्तीय संस्था सँग रहेको विदेशी विनिमय सञ्चिति २०८० असार मसान्तमा रु एक खर्ब ९३ अर्ब ५९ करोड रहेकोमा २०८१ वैशाख मसान्तसम्ममा १३ दशमलव आठ प्रतिशतले वृद्धि भई रु दुई खर्ब २० अर्ब ३८ करोड कायम भएको छ । गत बैशाख मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२ दशमलव एक प्रतिशत रहेको छ ।

> **अमेरिकी डलरमा यस्तो सञ्चिति २०८० असार मसान्तमा ११ अर्ब ७१ करोड रहेकोमा २०८१ बैशाख मसान्तमा २४ दशमलव दुई प्रतिशतले वृद्धि भई १४ अर्ब ५४ करोड पुगेको छ ।**

राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्षको दश महिनाको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १५ दशमलव एक महिनाको वस्तु आयात र १२ दशमलव छ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।गत वैशाख मसान्तमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ३४ प्रतिशत बराबर छ ।

त्यस्तै, कुल आयातसँगको अनुपात एक सय पाँच दशमलव तीन र विस्तृत मुद्राप्रदायसँगको अनुपात २९ दशमलव दुई प्रतिशत रहेको छ ।

राष्ट्र बैंकका अनुसार यो अवधिमा शोधनान्तर स्थिति रु तीन खर्ब ९२ अर्ब ६४ करोडले बचतमा रहेको छ । त्यस्तै, गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको वैशाख मसान्तसम्ममा आयात दुई दशमलव चार, निर्यात तीन दशमलव छ र कुल वस्तु व्यापार घाटा दुई दशमलव तीन प्रतिशतले घटेकोछ ।गत वैशाख मसान्तसम्ममा नेपाल सरकारको खर्च रु १० खर्ब ५६ अर्ब ८९ करोड र राजस्व परिचालन रु आठ खर्ब ३१ अर्ब ९३ करोड रहेको छ । यो अवधिसम्मको विस्तृत मुद्राप्रदाय आठ दशमलव एक प्रतिशतले बढेकोछ । वार्षिक बिन्दुगत आधारमा यस्तो मुद्राप्रदाय १२ दशमलव चार प्रतिशतले बढेको नेपाल राष्ट्र बैंकले जनाएको छ ।

**१० महिनामा करिब १२ खर्ब विप्रेषण भित्रियो**

चालु आर्थिक वर्षको १० महिनासम्म करिब १२ खर्ब विप्रेषण भित्रिएको छ । नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको वैशाख मसान्तसम्मको विवरणअनुसार सो अवधिमा विप्रेषण आप्रवाह १९ दशमलव दुई प्रतिशतले वृद्धि भए रु ११ खर्ब ९८ अर्ब ६० करोड पुगेको छ ।

अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २३ दशमलव चार प्रतिशतले बढेको थियो ।

अमेरिकी डलरमा विप्रेषण आप्रवाह १७ दशमलव एक प्रतिशतले वृद्धि भई नौ अर्ब दुई करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १३ दशमलव चार प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको सङ्ख्या तीन लाख ७४ हजार आठ सय ८७ र पुनः श्रम स्वीकृति लिनेको सङ्ख्या दुई लाख ३७ हजार आठ सय ९३ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः चार लाख २१ हजार दुई सय ७९ र दुई लाख ३८ हजार नौ सय ७६ थियो ।

समीक्षा अवधिमा खुद ट्रान्सफर १७ दशमलव दुई प्रतिशतले वृद्धि भई रु १३ खर्ब एक अर्ब ७२ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर २२ दशमलव पाँच प्रतिशतले बढेको थियो । रासस

# गैरखाद्यभन्दा खाद्यवस्तुमा चर्को मूल्यवृद्धि



काठमाण्डु । गैरखाद्य वस्तुभन्दा खाद्य वस्तुमा मूल्यवृद्धि बढी देखिएको छ । नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको दश महिनाको तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार गत वैशाखमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति छ दशमलव २७ र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति दुई दशमलव ९६ प्रतिशत छ ।गत वैशाखमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति चार दशमलव ४० प्रतिशत छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति सात दशमलव ४१ प्रतिशत थियो ।

राष्ट्र बैंकका अनुसार गत वैशाखमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति छ दशमलव २७ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति दुई दशमलव ९६ प्रतिशत छ ।

खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत तरकारी उप-समूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क २३ दशमलव ११ प्रतिशत, दाल तथा गेडागुडीको १० दशमलव ८५ प्रतिशत र मरमसलाको आठ दशमलव ९८ प्रतिशत छ । त्यस्तै, खाद्य तथा खाद्यजन्य पदार्थको मूल्य सात दशमलव ४२ प्रतिशत र चिनी तथा चिनीजन्य वस्तुहरुको सात दशमलव २५ प्रतिशतले बढेको छ भने घ्यू तथा तेल उप-समूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क सात दशमलव १३ प्रतिशतले घटेको छ । गैर-खाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवाहरु उप-समूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क १२ दशमलव २६, शिक्षाको पाँच दशमलव ६४ प्रतिशत र कपडाजन्य तथा जुत्ता चप्पलको तीन दशमलव ४६ प्रतिशतले बढेको छ ।

त्यस्तै सञ्चार उप-समूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क शून्य दशमलव ४८ प्रतिशतले घटेको छ ।गत वैशाखमा काठमाडौं उपत्यकाको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति चार दशमलव ३०, तराईको चार दशमलव ३२, पहाडको चार दशमलव ७० र हिमालको चार दशमलव २२ प्रतिशत रहेको छ ।रासस

# ‘सिएफमोटो बाइक केयर क्याम्प’

**टुडे समाचारदाता**

जनकपुरधाम । सिएफमोटो र जीहो व्राण्डको नेपालका लागि आधिकारिक वितरक ऋषि ट्रेड सेन्टरले, कालोपुल स्थित आफ्नो अत्याधुनिक प्रविधि तथा दक्ष मेकानिक्स सहितको सर्भिस सेन्टरमा यही जेष्ठ २९ गते देखि ७ दिने सिएफमोटो सर्भिस क्याम्प सन्चालन गर्ने भएको छ । सिएफमोटो व्राण्ड युवाहरुमा लोकप्रिय रहेको व्राण्ड र कोभिड पश्चात विभिन्न कारणले यसको विक्री तथा सेवामा केही ढिलाई भएता पनि अहिले नयाँ आधिकारिक बितरक रिलाईन्स ग्रुप अर्न्तगतको ऋषि ट्रेड सेन्टर नियुक्त भएसँग कम्पनीले यो पहिलो वृहत सर्भिस केयर केम्प सन्चालन गर्न लागेको हो । बिक्री पछि को सेवा नै अटोमेटिक्स व्यापारको टेवाको नारा साथ कम्पनीले सिएफमोटो का सम्पूर्ण प्रयोगकर्ताहरुलाई यसरी नै सर्भिस र स्पेयरपार्टसको सेवा निरन्तर दिइरहने जानकारी दिएको छ ।




यस क्याम्पमा सहभागी हुने सिएफमोटो बाइकका प्रयोगकर्ताहरुले क्याम्प अवधिभर स्पेयर पार्टसमा १०५ छुट,फ्रि-बाइक वास, लेवर चार्जमा ५०५ छुट,ल्युव ओइलमा ५५ छुट तथा हरेक दिन लक्की ड्र मार्फत ७ जनाले ७ दिनमा १ सालको लागि सिएफमोटो को स्पेयर पार्टसमा १०५ छुट पाउने व्यवस्था गरिएको छ । यसका साथै गोला प्रथा मार्फत ७ दिनमा आफ्ना सिएफमोटोका बाइक सर्भिसिङ्ग गराउन आउने ग्राहकहरु मध्ये १ जना भाग्यशालि बिक्रेताले फ्रि बाइक कोटिङ्ग गराउन सक्ने छ । सिएफमोटोको सर्भिस सेन्टर काठमाण्डौंको धोविखोलामा अवस्थित छ, जहाँबाट ग्राहकहरुले सिएफमोटो लगायत जिहोको पनि सर्भिस तथा पार्टस को सुविधा पाउन सक्ने छन् ।

सिएफमोटोको एनके २५०,एनके ४५०,एसआर २५० जस्ता आकर्षक तथा हाई परफरमेन्स बाइकहरु पूनः यस सेन्टरले नेपाली बजारमा रि इन्ट्रोडयुस गरेको छ । साथ साथै इभी टु व्हिलर सेगमेन्टमै प्रिमियम र डयुरेबल मानिने उच्च प्रविधि जडित जिहोका इलेक्ट्रीक स्कुटर एइ ६ प्लस,र एइ ६ प्लर एल आर तथा एइ ८ मोडेलहरु पनि यसै ग्रुप अन्तर्गतको ऋषि ट्रेड सेन्टरले आफ्नो नक्साल, भम्सिखेल तथा सल्लाघारी स्थित शोरुमहरुबाट बिक्री वितरण गर्दै आएको छ ।

# सिटिजन्स बैंक र स्पर्श मल्टि स्पेसियालिटी हस्पिटल प्रा.लि.बीच समझदारी

**टुडे समाचारदाता**

जनकपुरधाम । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र वीरगंज, पर्सा स्थित स्पर्श मल्टिस्पेसियालिटी हस्पिटलबीच सिटिजन्स बैंकका ग्राहकहरूलाई विशेष छुट दिने समझदारी पत्रमा हस्ताक्षर भएको छ । बैंकले लिएको छ ।

बैंकले डिजिटल बैंकिङ्ग माध्यमहरुको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिटल माध्यमबाट भुक्तानीगर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरु संचालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा




सो समझदारी पत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहक र मोबाइल बैंकिङ्ग ग्राहकहरूले स्पर्श मल्टिस्पेसियालिटी हस्पिटलका सेवाहरुमा २५% सम्मको आकर्षक छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरु लाभान्वित हुनुकासाथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित हुने विश्वास पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्तगर्न सकिनेछ । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना १९० वटा शाखा, १५३ वटा ए.टि.एम. र ९८ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरुबाट १७ लाख ४९ हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदानगर्दै आएको छ ।


## Shree Yog Kumar Namuna Madhyamik Bidyalaya
## Balwa Municipality-06, Mahottari,
## Madhesh Province, Nepal.

## Invitation for Bids

**First Date of publication: 11June 2024 (2081/02/29)**

1. Shree Yog Kumar Namuna Madhyamik Bidyalaya, Balwa Mahottari invites electronic bids from eligible bidder for the following work under National Competitive Bidding (NCB) Single Stage Two Envelope bidding Procedure.

| SN | Contract ID No. | Project Name | Minimum Work Experience of Similar Size and Nature | Bid Document Fee, NRs | Average Annual Construction Turnover (AACT), NRs (Without Vat) | Bid Security, Nrs |
|---|---|---|---|---|---|---|
| 1 | | Construction of Incomplete Administrative Block, Guard House & Main Entrance Gate. | Construction of At least One Frame Structure Government Building of 10.00 Million (Without VAT) within last 10 Years. | 5,000.00 | 35.62 Million | 0.87 Million |

2. Eligible Bidders may obtain further information from PPMO web portal www.bolpatra.gov.np/egp.
3. Employer Reserve all the rights to accept or reject above Bid wholly or partially.

Principal





## नव दिप ज्योति बचत तथब ऋण सहकारी संस्था लि.
भंगहा न.पा.-४,प्रेमनगर, महोत्तरी

## ऋणीलाईकर्जा चुक्तागर्न आउने ३५ दिने सुचना

**(प्रथम पटक प्रकाशित मिति २०८१/०२/२९ गते जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस संस्थाबाट ऋण कर्जा लिने तपाई ऋणीले ऋण/कर्जा लिदा गरि दिएको लिखत र ऋण/कर्जा सुविधा स्वीकृति शर्तमा तोकिए बमोजिम यस संस्थालाई बुझाउनु पर्ने ऋण/कर्जा रकमको मासिक व्याज तथा म्याद भित्र ऋण रकम चुक्ता भुक्तान नगरेको साथै संस्थाबाट लिखित तथा मौखिक रुपमा बारम्बार तर/ताकेता गर्दा समेत लिएको ऋण/कर्जा चुक्ता गर्न तर्फ तत्परता नदेखाएको हुनाले यो ३५ दिनेको सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थालाई बुझाउनु पर्ने सावां, व्याज, हर्जाना तथा अन्य दै-दस्तुरहरु समेत चुक्ता भुक्तान गर्नुहोला । उक्त म्यादभित्र ऋण कर्जा चुक्ता भुक्तान नगरी बसेमा, ऋण/कर्जा लिदा लेखिएको ऋणी र व्यक्तिगत धन्जमानी बस्नेलाई समेत सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ (संसोधन सहित ) को तथा अन्य नेपालको कानुन बमोजिम कारवाही वा अन्य व्यबस्था गरी लिने व्यहोरा जानकारी गराइन्छ । साथै ऋणी र व्यक्तिगत जमानतबाट यस संस्थाको सम्पुर्ण लेना रकम असुल उपर नभएमा ऋणी तथा जमानीकर्ताको अन्य चलअचल सम्पतिबाट बाँकी लेना रकम असुल उपर गरि लिने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको नाम तिनपुस्ते र ठेगाना | ऋणीको फोटो | व्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|---|
| १) **ऋणीको नाम:** देबिन्द्र कुमार महतो<br>**साविकको ठेगाना:** महोत्तरी जिल्ला, भंगहा न.पा.,वडा-०४<br>**हालको ठेगाना:** महोत्तरी जिल्ला, भंगहा न.पा.,वडा-०४<br>**ना.प्र.प.नं.:** १८३०६१/३२१<br>**जारी मिति:** २०६३/१०/०६<br>**बाबु/पतिको नाम:** रामचन्द्र महतो<br>**बाबु/पतिको नाम:** राम किशुन महतो |  | १) **नाम:** राज कुमारी महतो<br>**साविकको ठेगाना:** धनुषा जिल्ला, नकटाझीज वडा -०२<br>**हालको ठेगाना:** महोत्तरी जिल्ला, भंगहा न.पा., वडा-०४<br>**ना.प्र.प.नं.:** १७३१००/२९३<br>**जारी मिति:** २०६३/११/२६<br>**बाबु/पतिको नाम:** रामप्रीत महतो<br>**बाबु/पतिको नाम:** देबिन्द्र कुमार महतो |
| २) **ऋणीको नाम:** लक्ष्मी नारायण महतो<br>**साविकको ठेगाना:** महोत्तरी जिल्ला, भंगहा न.पा., वडा-०४<br>**हालको ठेगाना:** महोत्तरी जिल्ला, भंगहा न.पा.,वडा-०४<br>**ना.प्र.प.नं.:** १८१०६१/४१७<br>**जारी मिति:** २०६२/०६/१४<br>**बाबु/पतिको नाम:** रामनाथ महतो कोइरी<br>**बाबु/पतिको नाम:** सेबी महतो |  | २)**नाम:** रामनाथ महतो कोइरी<br>**साविकको ठेगाना:** महोत्तरी जिल्ला, भंगहा न.पा., वडा-०४<br>**हालको ठेगाना:** महोत्तरी जिल्ला, भंगहा वडा-०४<br>**बाबु/पतिको नाम:** सेबी महतो<br>**बाबु/पतिको नाम:** गंगा महतो |
| ३) **ऋणीको नाम:** रविन श्रेष्ठ<br>**साविकको ठेगाना:** महोत्तरी जिल्ला, भंगहा न.पा., वडा-०४<br>**हालको ठेगाना:** महोत्तरी जिल्ला, भंगहा न.पा., वडा-०४<br>**ना.प्र.प.नं.:** १८-०१-०६२/४६१<br>**जारी मिति:**<br>**बाबु/पतिको नाम:** प्रभु नारायण श्रेष्ठ<br>**बाबु/पतिको नाम:** |  | ३) **नाम:** हिरा कुमारी श्रेष्ठ<br>**साविकको ठेगाना:** मकवानपुर जिल्ला, राइगाऊ - ०३<br>**हालको ठेगाना:** महोत्तरी जिल्ला, भंगहा न.पा., वडा-०४<br>**बाबु/पतिको नाम:** राबिन श्रेष्ठ<br>**बाबु/पतिको नाम:** प्रभु नारायण श्रेष्ठ |
| ४) **ऋणीको नाम:** सुखचन्द्र सिंह थारू<br>**साविकको ठेगाना:** महोत्तरी जिल्ला, भंगहा ,भंगहा -०३<br>**हालको ठेगाना:** महोत्तरी जिल्ला, भंगहा ,भंगहा -०३<br>**बाबु/पतिको नाम:** हरिनारायण सिंह<br>**बाबु/पतिको नाम:** सत्यनारायण सिंह |  | ४) **नाम:** अजय सिंह<br>**साविकको ठेगाना:** महोत्तरी जिल्ला, भंगहा , भंगहा -०३<br>**हालको ठेगाना:** महोत्तरी जिल्ला, भंगहा, भंगहा -०३<br>**बाबु/पतिको नाम:** सुखचंद्र सिंह थारू<br>**बाबु/पतिको नाम:** हरिनारायण सिंह |
| ५) **ऋणीको नाम:** मलभोगिया देवी<br>**साविकको ठेगाना:** महोत्तरी जिल्ला, न.पा. भंगहा वडा -०४<br>**हालको ठेगाना:** महोत्तरी जिल्ला, न.पा.भंगहा वडा -०४<br>**ना.प्र.प.नं.:** १८३०६१/१६१<br>**बाबु/पतिको नाम:** राम हिरदय महतो<br>**बाबु/पतिको नाम:** बैएलाल महतो |  | ५) **नाम:** प्रदीप कुमार महतो<br>**साविकको ठेगाना:** महोत्तरी जिल्ला, न.पा.भंगहा वडा -०४<br>**हालको ठेगाना:** महोत्तरी जिल्ला, न.पा.भंगहा वडा -०४<br>**बाबु/पतिको नाम:** राम हिरदय महतो<br>**बाबु/पतिको नाम:** बैएलाल महतो |

**नव दिप ज्योति बचत तथब ऋण सहकारी संस्था लि.**
भंगहा न.पा.-४,प्रेमनगर, महोत्तरी

# आज वार्षिक नीति तथा कार्यक्रम सार्वजनिक हुने




**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशसभाको बैठकबाट वार्षिक नीति तथा कार्यक्रम सार्वजनिक गरिने भएको छ।

सोमबार बसेको प्रदेश सभाको बैठकमा प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले नेपालको संविधानको धारा १८४ को उपधारा (२) बमोजिम प्रदेश सरकारको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम मार्फत सभालाई मंगलबार सम्बोधन गर्ने कार्यक्रम रहेको प्रदेशसभा सचिवालयले जनाएको छ।

## जसपाको प्रथम महाधिवेशन

# जेठमा नै परिक्रमा यात्रा र बिबाहपञ्चमीको भीड

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालको प्रथम महाधिवेशनमा जनसागर उर्लियो । जनकपुरधाममा परिक्रमा गर्ने यात्राको जस्तै सडकमा ताँती र विवाहपञ्चमीको भीड जेठ महिनामा नै हुँदा स्थानीयहरु चकित भए।



४१ डिग्री तापक्रम र ४८ डिग्रीको अनुभूति गरिएको चिल्लाउँदो गर्मीमा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवप्रति समर्थन जनाउन हजारौं नरनारीहरु जनकपुरधाममा ओर्लिए। अपेक्षा गरिएको भन्दा कयौं गुणा बढी भीड भएपछि सम्मेलनस्थलको तापक्रम झनै बढेको थियो।

पानीका लागि मानिस छट्टपट्टिएर पनि सभास्थलबाट निस्कन चाहिरहेका थिएनन् । जनपरिचालन समितिका संयोजक हरिनारायण यादवले उत्साहित नेता, कार्यकर्ताहरु गाउँगाउँबाट आएकाले भीड अप्रत्याशित भएको बताए । 'खसवादी राज्यसत्ताले पार्टी विभाजन गर्न गरेको असफल प्रयासको यो जवाफ हो ' उनले भने, जसपा नेपालप्रति अगाध जनविश्वास रहेको फेरि सावित भएको छ।

जसपा नेपालबाट गत वैशाख २३ गते ७ जना संघीय सांसद पार्टीबाट चोइटिए । मधेश प्रदेशमा घात गरेर सरकार ढालियो। तर त्यसको कुनै प्रभाव नपरेको महाधिवेशनले सावित गरेको उनले बताए।

देशको सातवटै प्रदेशबाट पहिचान सहितको झाँकी र जुलुस सहित नगरपरिक्रमागर्दै सहभागिहरु उद्घाटन स्थलमा पुगेका थिए ।हिमाली र पहाडी भेगका जसपाका नेताहरुले प्रचण्ड गर्मीलाई समेत बेवास्ता गरेका थिए।

उदयपुर जिल्लाबाट सहभागी कमला राइले जसपा नेपालबाट पटक पटक स्वार्थीहरु गएको बताउँदै पहिचान र जनजिविका लागि लडिरहेको पार्टी जनजनमा पुगेको बताइन्। 'पार्टी विभाजन गरेकाहरु जनतामा जान सक्दैनन्' उनले भनिन्, आगामी चुनावमा जसपा नेपाल देशको निर्णायक शक्ति हुनेछ।

जसपा नेपाललाई विभाजन गर्न राज्यको सम्पूर्ण श्रोत र साधनको दुरुपयोग गरिएको उल्लेख गर्दै मधेश प्रदेशका निवर्तमान मुख्यमन्त्री सरोज कुमार यादवले भने, संघीय सत्ता जसपा नेपालको जनाधारबाट विचलित भएको छ।

'नेपालको सबै भूगोलको भेषभुषासहितको पहिचान जनकपुरधाममा पहिलो पटक देखिएको छ ' उनले भने, जसपा नेपालले देश विभाजन होइन, आदिवासी, जनजाति, दलित, मधेशी, महिला, मुसलमान सबैको पहिचान र अधिकार सुनिश्चित गर्न चाहेको छ। विभिन्न भाषाभाषी र पहिरनमा रहेका हजारौं नरनारीहरुलाई जनकपुरधाममा पहिलो पटक धेरैले देखे। धार्मिक समारोहहरुमा उनीहरु आए पनि भूगोल अनुसारको पहिरन र बाजागाजा लिएर आउँदैनन्। महाधिवेशन उद्घाटन समारोहमा सहभागीहरुले जनकपुरधाम नेपालकै भूभाग रहेको झझल्को दिएका थिए।

जनपरिचालन व्यवस्थित र मर्यादित रहे पनि कमजोर व्यवस्थापनको कारण सहभागीहरुले अनावश्यक पीडा भोग्नु पर्‍यो। पानी र हावाको समुचित व्यवस्था नहुँदा सहभागीहरुलाई सास्ती भएको थियो । खचाखच भरिएको तिरहुतिया गाछीमा व्यवस्थापन निकै कमजोर रहेको सहभागीहरुले गुनासो गरिरहेका थिए। भित्र पसेकाहरु गर्मी खप्न नसकेर बाहिर निस्कन व्यग्र देखिन्थे । भित्र ठाउँ नपाएर बाहिर रोकिएकाहरु थोरै निस्कदा धेरै पस्ने गरेका थिए।

ठूलो लगानी गरी तयार पारिएको महाधिवेशन स्थलमा प्रचण्ड गर्मी हुने तर्फ ध्यान दिएको देखिएन। सर्वसाधारण मात्र नभई मञ्चासीनसमेत गर्मीले छट्पटिएका थिए । मध्यान्हदेखि बजारमा जसपा नेपालका नेता, कार्यकर्ताहरुको घुइँचो लागेको थियो। तिरहुतिया गाछीमा रहेकाहरु भन्दा धेरै बढी सहभागीहरु मठ मन्दिरहरुको दर्शनपूजा र तलाउ सरोबर हेरिरहेका थिए।

# प्रयोगविहीन वृद्धाश्रम भवन अलपत्र



**टुडे समाचारदाता**

रौतहट । रौतहटको चन्द्रपुर नगरपालिका-७ बनबहुअरीमा करोडौं रुपैयाँ खर्च गरेर निर्माण सम्पन्न गरेको वृद्धाश्रम भवन प्रयोगविहीन हुँदा अलपत्र परेको छ।

असहाय ज्येष्ठ नागरिकको जीवनयापन सहज ढंगले व्यवस्थापन गर्ने उद्देश्यले एक वर्ष अघि निर्माण गरिएको सो भवन प्रयोगमा आउन नसकेपछि अलपत्र परेको छ।

डिभिजन वन कार्यालय रौतहटको मातहतमा रहेको सरकारी जमिनमा सुविधायुक्त दुई तले वृद्धाश्रम भवन बनेको छ। सो भवनमा वृद्धाश्रम सञ्चालन गर्न अनुकूल नभएको भन्दै स्थानीय विभिन्न संघसंस्थाले आ-आफ्ना कार्यालय राख्न माग गरेको वडा अध्यक्ष विष्णु उप्रेतीले बताए । उनकाअनुसार वृद्धाश्रम भवन कै लागि आएको बजेटबाट निर्मित सो भवन असहाय ज्येष्ठ नागरिककै लागि उपयोगमा आउनु पर्छ तर भवन नगरपालिकालाई हस्तान्तरण भएको एक वर्ष वितिसक्दा पनि कार्यान्वयन भने हुन सकेको छैन।

सघन सहरी विकास कार्यालय पर्साले निर्माण सम्पन्न गरेको सो भवन अलपत्र अवस्थामा रहनुभन्दा स्थानीय संघसंस्थालाई सेवा प्रवाह गर्न दिँदा भवनको रेखदेख र सुरक्षा हुने बताउँदै नेपाल फुटबल संघ मधेश प्रदेश समितिका अध्यक्ष नेपाल कार्कीले सो भवन खेलकुद एकेडेमीका लागि सञ्चालनमा ल्याउनुपर्ने बताए।

यता स्थानीय जनप्रतिनिधिले वडा नम्बर ७ मा रहेका सम्पूर्ण सरकारी कार्यालय सोही भवनबाटै सञ्चालन गर्न सकिने सम्भावना रहेको औंल्याए। जंगल नजिक बनाइएको सो भवन करिब तीन करोड रुपैयाँको लागतमा निर्माण भएको वडा अध्यक्ष उप्रेतीले बताए। प्रयोगविहीन अवस्थामा रहेको सो भवनको सरसफाइ तथा रेखदेख वडा कार्यालयले नै गर्दै आएको छ।

नगरप्रमुख सञ्जय काफ्लेले वृद्धाश्रमको लागि भनेर निर्माण गरिएको सो भवन के का लागि प्रयोगमा ल्याउने भन्ने बारे कार्यपालिकाको बैठकले निर्णय गर्ने बताए।

# सर्पदंशको त्रास, एकै दिन आधा दर्जन अस्पतालमा भर्ना

**टुडे समाचारदाता**

राजविराज। केही दिन यता बढेको अत्यधिक गर्मी र फाटफुट वर्षासंगै जिल्लामा सर्पदंशको घटना बढेको छ।




सोमबार मात्रै सर्पले टोकेका ६ जना उपचारका लागि गजेन्द्र नारायण सिंह अस्पतालमा भर्ना भएका छन्। पछिल्लो १५ दिन यता मात्र अस्पतालमा सर्पदंशका ५१ जनाले उपचार गराएको अस्पतालको तथ्यांकले देखाएको छ । यद्यपि उपचारका लागि आएका मध्ये हालसम्म कसैको ज्यान भने गएको छैन।

सर्पले टोक्दा सोमबारका दिन उपचारका लागि आउनेहरुमा राजविराज नगरपालिकाका ६ वर्षीय बालक आयूश यादव, १४ वर्षीय संतोष यादव, तिरहुत गाउँपालिकाका ४० वर्षीय सुरेन्द्र मण्डल, १८ वर्षीया पिंकी यादव, तिलाठी कोइलाडी गाउँपालिकाका ५४ वर्षीया सिता देवी मेहता र ५० वर्षीया ज्ञानी देवी साह रहेको गजेन्द्र नारायण सिंह अस्पताल आकस्मिक कक्षका अहेब जयकृष्ण गुरमैताले जानकारी दिए।

अत्यधिक गर्मी र फाटफुट वर्षाका कारण दुलो र झारपातबाट सर्प बाहिर आउदा सर्पदंशको घटना बढ्दै गएको उनको भनाइ छ। उनले दैनिक ४ देखि ७ जना सम्म सर्पले टोकेर उपचारका लागि आउने गरेको बताएका छन् । यसरी सर्पले टोकेपछि आउनेहरुमा ग्रामिण क्षेत्रको मात्र न भइ शहरी क्षेत्रका पालिकाका वासिन्दा समेत रहने गरेको उनको कथन छ।

अत्यधिक गर्मीका कारण सर्पदंशको मात्र नभई अन्य रोगबाट समेत पीडित भइ आउने बिरामीको चाप बढ्दै गएपछि भुइमै राखेर भए पनि उपचार सेवा प्रदान गरिरहेको उनले बताए। सर्पदंशको घटना बढेपछि अस्पतालमा एन्टिस्नेक भेनम नामक औषधि पर्याप्त मात्रामा झिकाई स्टक गरिएको गजेन्द्र नारायण सिंह अस्पताल प्रशासनले जनाएको छ।

# गर्मी बढेपछि हरिवनका विद्यालयमा बिदा

**टुडे समाचारदाता**

मलंगवा । गर्मी बढेपछि सर्लाहीको हरिवन नगरपालिकाले चार दिनका लागि विद्यालयमा बिदा दिएको छ। नगरपालिकाले सोमबार सूचना जारी गरी चर्को घाम, उच्च तापक्रम र तातो हावाका कारण पठनपाठन सञ्चालन गरिरहँदा विद्यार्थीको स्वास्थ्यमा प्रतिकूल असर पर्ने देखिएको भन्दै शुक्रबारसम्म हरिवन नगरभित्रका सम्पूर्ण विद्यालयमा बिदा दिएको बताए।




हरिवन नगरपालिकाको शिक्षा शाखाका संयोजक रुसस्टालिन चौलागाईंले मंगलबारदेखि आगामी शुक्रबारसम्म विद्यालय बन्द गर्ने निर्णय भएको बताए।

अत्यधिक गर्मी भएपछि हरिवन नगरपालिकाले मध्य जेठमा पनि केही दिन विद्यालय बन्द गराएको थियो। पानी परेर गर्मी कम भएपछि पठनपाठन सूचारु गरिएकोमा विगत केही दिनदेखि असाध्यै गर्मी हुन थालेपछि विद्यालय बन्द गर्ने निर्णय भएको शिक्षा अधिकृत चौलागाईंले बताए।

सर्लाहीसहित तराईका जिल्लामा विगत चार दिनदेखि अत्यधिक गर्मी बढ्दा जनजीवन आक्रान्त बनेको छ । गर्मीले विद्यालयमा विद्यार्थीको उपस्थिति कम हुन थालेको छ भने विद्यालय आएका विद्यार्थी आलश्य भएर बस्ने, गर्मीले बेहोस हुने जस्ता समस्या देखिन थालेको जनाइएको छ।

# गौशालामा गोली चल्दा एक घाइते

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको गौशालामा अज्ञात समूहले चलाएको गोलीबाट एकजना घाइते भएका छन्।



सोमबार जिल्लाको गौशालास्थित मडाह खोलामा गोली चलेको महोत्तरी प्रहरीले जनाएको छ।

गोली लागि घाइते हुनेमा गौशाला नगरपालिका-५ का अन्दाजी ३८ वर्षीय विनयकुमार महतो रहेको महोत्तरी प्रहरीका प्रहरी नायब उपरीक्षक सन्तुलाल जयसवालले बताए।

महतोको गौशाला प्राथमिक उपचार केन्द्रमा उपचार पछि जनकपुरधाम रेफर गरिएको जयसवालले बताए। मडाह नदीमा पैदल यात्रीलाई मोटरसाइकलमा आएको अज्ञात समूहले गोली चलाएको प्रारम्भिक सूचना रहेको र घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

# तिरहुत टाइगर्सलाई सप्तरी प्रिमियर लिगको उपाधि

**टुडे समाचारदाता**

राजविराज। तिरहुत टाइगर्सले छैठौं संस्करणको राजविराज मेयर कप सप्तरी प्रिमियर लिगको उपाधि जितेको छ।




सप्तरीको राजविराज स्थित पब्लिक विन्देश्वरी विद्यालय खेल मैदानमा सोमबार सम्पन्न फाइनलमा तिरहुत टाइगर्सले छिन्नमस्ता लायन्सलाई ३१ रनले पराजित गर्दै उपाधि हात पारेको छ।

तिरहुत टाइगर्सले दिएको ९२ रनको लक्ष्य पछ्याएको छिन्नमस्ता लायन्सले १४ ओभरमा ६० रनमा सबै विकेट गुमायो।

छिन्नमस्ताको लागि विशाल पटेलले सर्वाधिक १४, मयन यादवले १३ तथा फिर्दोश अन्सारीले अविजित १२ रन बनाउनु बाहेक अन्य ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन्। राष्ट्रिय क्रिकेटर भिम शार्की उसका ४ जना ब्याटरले खाता समेत खोल्न सकेनन्।

तिरहुतको बलिंगमा देब्रे हाते स्पिनर दिपेश कंडेलले सर्वाधिक ४ विकेट लिए जुन क्रममा उनले ४ ओभरमा २५ रन खर्चिए । यस्तै प्लेयर अफ द म्याच घोषित कप्तान अनिल यादवले ३ विकेट लिए। जुन क्रममा ३ ओभरमा १५ रन खर्चिए। बसिर अहमदले २ तथा अभिषेक कार्कीले १ विकेट लिए।

यस अघि टस जितेर ब्याटिंग रोजेको तिरहुत टाइगर्सले १८ दशमलव ४ ओभरमा सबै विकेट गुमाएर ९१ रन बनायो। तिरहुतको लागि भोला कुमार साहले सर्वाधिक २९ रन योगदान दिए। बसिर अहमदले १८ तथा रुपेश सिंहले १० रन बनाउनु बाहेक अन्य ब्याटरए दोहोरो अंकमा रन बनाउन सकेनन्।

छिन्नमस्ताको बलिंगमा बिशाल पटेल, फिर्दोश अन्सारी, गुनानन्द रोय र सुमित नेवारले समान २ विकेट लिए। उपाधि सहित तिरहुट टाइगर्सले ३ लाख रुपैयाँ हात पारेको थियो। उपविजेता छिन्नमस्ता लायन्सले १ लाख ५० हजार रुपैयाँ पायो।

सो प्रतियोगिताकै उत्कृस्ट खेलाडी तिरहुत टाइगर्सका बसिर अहमद घोषित भए जसले ६ खेलमा १९८ रन बनाउनुको साथै १० विकेट पनि लिए। यस्तै उत्कृस्ट बलर छिन्नमस्ता लायन्सका बिशाल पटेल घोषित भए जसले ७ खेलमा १५ विकेट लिए। उत्कृस्ट ब्याटर कन्चनरुप राइनोजका शुभ कंसकार घोषित भए जसले ७ खेलमा २९७ रन बनाए।

त्यस्तै उदयमान खेलाडी छिन्नमस्ता लायन्सका मोहम्मद सोहेल खान घोषित भए जसले ७ खेलमा १२ विकेट लिए । फाइनल खेलको प्लेयर अफ द म्याच तिरहुत टाइगर्सका कप्तान अनिल कुमार यादव घोषित भए। प्रतियोगिताको उत्कृस्ट खेलाडीले २५ हजार रुपैयाँ, उत्कृस्ट बलर र ब्याटरले जनही १५ हजार रुपैयाँ तथा उदयमान खेलाडीले क्रिकेट किट प्राप्त गरे।

विजेता खेलाडीहरुलाई नेपाल क्रिकेट संघका उपाध्यक्ष रोशन कुमार सिंह, राजविराज नगरपलिकाका प्रवक्ता जय नारायण मण्डल, छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष बिध्यानन्द चौधरी, तिरुहट गाउँपालिकाका अध्यक्ष विजय यादव, नेपाल क्रिकेट संघका केन्द्रिय सदस्य दुर्गाराज पाठक र सप्तरी क्रिकेट संघ अध्यक्ष तथा नेपाल क्रिकेट संघका केन्द्रिय सदस्य आयुष श्रेष्ठ लगायतले पुरस्कार वितरण गरे।

सप्तरी क्रिकेट संघको आयोजनामा एघार दिन चलेको प्रतियोगितामा जिल्लाका ६ वटा स्थानीय तहका टिमहरु सहभागी थिए।

# 'फ्री बिजुली, फ्री पानी'

**टुडे समाचारदाता**

रौतहट। मौलापुर नगरपालिकाले नगरवासीले उपभोग गरेको बिजुली र पानीको पैसा तिरिदिने गरेको छ। नगरपालिकाले सोमबार मात्रै विद्युत महशुल वापतको रकम भुक्तानी गरेको छ।




नगरप्रमुख रिनादेवी साहले स्थानीय जनताले वर्षभरि उपभोग गरेको विद्युत महसुलको तेश्रो किस्तावापत ४५ लाख २६ हजार रुपैयाँ विद्युत प्राधिकरणलाई भुक्तानी गरिदिएको बताइन्।

उनले नगरवासीले प्रयोग गरेको विद्युतको महसुलवापत्को सो रकम प्राधिकरणका मौलापुर शाखा प्रमुख दिनेश यादवलाई हस्तान्तरण गरिन् । नगरपालिकाले विगतदेखि नै 'फ्री बिजुली, फ्री पानी' कार्यक्रम सञ्चालन गर्दै आएको छ।

झन्डै ५ वर्षदेखि स्थानीयको घरायसी मिटर र कृषि मिटर वापतको सम्पूर्ण रकम नगरपालिकाले तिर्दै आएको नगरप्रमुख साहले बताइन्। 'यो कार्यक्रमले जनता खुशी छन्,' उनले भनिन्, 'जनताकै सेवा सुविधाको लागि कार्यक्रम ल्याइएको छ।' चालु आर्थिक वर्षमा मात्रै कुल ३ करोड ४३ लाख ५० हजार रुपैयाँ बुझाइसकेको उनले बताइन्।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८